बैठक नं.१७

आज मिति २०८२/०३/२५ गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उपमहानगरपालिकाका प्रमुख एवं नगरसभाका अध्यक्ष श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरसभाका सदस्यहरुको उपस्थितिमा नगरसभाको १७ औं अधिवेशनको पाँचौ बैठक बसियो ।

समय: दिनको ४:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

उपस्थिति:

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख/अध्यक्ष | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख/उपाध्यक्ष | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | शुनिल शाक्य | सदस्य | |
| ५ | बिष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरिप्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिप कुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्र सिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | प्रेमशिला धोवी | सदस्य | |
| ३१ | अदिल अहमद | सदस्य | |
| ३२ | आईप्रसाद राई | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | गंगा घिमिरे | सदस्य | |
| ३४ | कुमारीदेवी दर्नाल | सदस्य | |
| ३५ | सुमित गुरुङ्ग | सदस्य | |
| ३६ | गौतमलाल शाक्य | सदस्य | |
| ३७ | पवित्रादेवी श्रेष्ठ | सदस्य | |
| ३८ | रतिमाला वि.क. | सदस्य | |
| ३९ | अमृत खड्का | सदस्य | |
| ४० | हरिनारायण मिश्र | सदस्य | |
| ४१ | पुनम थापा | सदस्य | |
| ४२ | गोमा नेपाली | सदस्य | गोमा |
| ४३ | अरुणकुमार श्रेष्ठ | सदस्य | |
| ४४ | गफुर मियाँ | सदस्य | |
| ४५ | यमुना श्रेष्ठ | सदस्य | |
| ४६ | विन्दु वि.क. | सदस्य | |
| ४७ | अनिल गहतराज | सदस्य | |
| ४८ | श्याम बहादुर थापा | सदस्य | |
| ४९ | पम्फाकुमारी थापा | सदस्य | |
| ५० | तारा गहतराज | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५१ | चिने श्रेष्ठ | सदस्य | |
| ५२ | प्रशान्त पाण्डे | सदस्य | |
| ५३ | तुल्सी विश्वकर्मा | सदस्य | |
| ५४ | सन्दिप खनाल | सदस्य | |
| ५५ | वीर बहादुर तामाङ्ग | सदस्य | |
| ५६ | सीता खनाल | सदस्य | |
| ५७ | सविता वि.क. | सदस्य | |
| ५८ | हरिहर ज्ञवाली | सदस्य | |
| ५९ | तुल बहादुर थापा | सदस्य | |
| ६० | इन्दिरा ज्ञवाली | सदस्य | |
| ६१ | माया परियार | सदस्य | |
| ६२ | सूर्य बहादुर कार्की | सदस्य | |
| ६३ | विवेश पुरी | सदस्य | |
| ६४ | यमुना काउचा | सदस्य | |
| ६५ | सनीसरा सार्की | सदस्य | |
| ६६ | रमेश प्रसाद अधिकारी | सदस्य | |
| ६७ | मिन बहादुर सारु मगर | सदस्य | |
| ६८ | मायाँ देवी दर्नाल | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| ६९ | नकुल शाही ठकुरी | सदस्य | |
| ७० | युवराज राना | सदस्य | |
| ७१ | गंगा कुमारी वि.क. | सदस्य | |
| ७२ | गंगादत्त पौडेल | सदस्य | |
| ७३ | विष्णु बहादुर थापा | सदस्य | |
| ७४ | मन्दिरा देवी गौडेल | सदस्य | |
| ७५ | कृष्ण सुनार | सदस्य | |
| ७६ | लाल बहादुर गुरुङ्ग | सदस्य | |
| ७७ | झविन्द्र थापा | सदस्य | |
| ७८ | नरमदा खत्री | सदस्य | |
| ७९ | धनमाया सुनार | सदस्य | |
| ८० | राम प्रसाद पराजुली | सदस्य | |
| ८१ | हरि प्रसाद चौधरी | सदस्य | |
| ८२ | रमा पौडेल | सदस्य | |
| ८३ | मन्जु दर्जि | सदस्य | |
| ८४ | सूर्य प्रसाद काफ्ले | सदस्य | |
| ८५ | कुल प्रसाद लम्साल | सदस्य | |
| ८६ | विष्णुदेवी गैरे सापकोटा | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ८७ | सोमनाथ दंगोरिया | सदस्य | |
| ८८ | कुमबहादुर मर्चाह | सदस्य | |
| ८९ | देवीकुमारी दंगोरिया | सदस्य | देवी |
| ९० | रेखा वि.क. | सदस्य | |
| ९१ | तुलसी बहादुर चौधरी | सदस्य | |
| ९२ | रामप्रसाद न्यौपाने | सदस्य | |
| ९३ | राधिका घर्ति मगर | सदस्य | |
| ९४ | अन्जु वि.क. | सदस्य | |
| ९५ | हरि प्रसाद सुवेदी | सदस्य | |
| ९६ | रिता थारु | सदस्य | रिता |
| ९७ | लक्ष्मी थारु | सदस्य | |
| ९८ | सुन्ताना परियार | सदस्य | |
| ९९ | शेर बहादुर थापा | सदस्य | |
| १०० | लोकनाथ गोतामे | सदस्य | |
| १०१ | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

मिति :- २०८२/०३/२५ गते बुधबार ।
समय :- दिनको ४:३० बजे ।
स्थान :- बुटवल उपमहानगरपालिका सभाहल ।

**नगरसभाका उपाध्यक्षज्यू, सचिवज्यू एवं सदस्यज्यूहरू**

अब म बुटवल उपमहानगरपालिकाको नगरसभाको सत्रौं अधिवेशनको पाँचौ बैठक प्रारम्भ भएको घोषणा गर्दछु ।

**प्रस्ताव नं.१७.५.१**

स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी विधेयक, २०८२ माथि छलफल एवं पारित सम्बन्धमा ।

**निर्णय नं. १७.५.१**

आजको कार्यसूची नं. १ मा रहेको र मिति २०८२/०३/२५ मा बसेको नगरसभाको सत्रौ अधिवेशनको चौथो बैठकको कार्यसूची नं. ६ अर्न्तगत टेबुल भएको बुटवल उपमहानगरपालिकाको स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी विधेयक, २०८२ माथिको छलफलमा भाग लिन चाहनु हुने सभाका सदस्यहरुलाई नाम टिपोट गराउन अनुरोध गरिएकोमा सुझाव राख्ने गरी कोही कसैको नाम टिपोट नभएको हुँदा सभाध्यक्षज्यूबाट देहाय बमोजिमको विधेयक सभासमक्ष निर्णयार्थ पेश हुँदा सर्वसम्मति भएकोले पारित गर्ने निर्णय गरियो ।

## स्थानीय सवारी साधनको व्यवस्थापन, संचालन र नियमन गरी बजार व्यवस्थापन गर्नको लागि बनेको विधेयक,२०८२

**प्रस्तावना:**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालन हुने स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन गरी नगरको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरुको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड "ट" बमोजिमको व्यवस्था कार्यान्वयन गर्ने गरी नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम बुटवल उपमहानगरपालिकाको नगरसभाले देहाय बमोजिमको ऐन बनाई लागू गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम **"स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्वन्धी ऐन,२०८२"** हुनेछ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

**(क) "ऐन"** भन्नाले स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन,२०८२ भन्ने बुझिनेछ ।

**(ख) स्थानीय सवारी साधन भन्नाले:**

(१) "विद्युतीय रिक्सा" पेट्रोलियम पदार्थ विना विद्युत, सौर्य उर्जा वा नवीकरणीय उर्जाबाट चार्ज हुने तीन पाङ्गे सवारी साधन भन्ने बुझिनेछ । जसलाई छोटकरीमा ई-रिक्सा भनिनेछ ।

(२) "टेम्पो" पेट्रोलियम पदार्थबाट चल्ने तीन पाङ्गे सवारी साधन भन्ने बुझिनेछ ।

(३) "म्यानुअल रिक्सा" मानव श्रम शक्तिद्वारा सञ्चालन हुने परम्परागत रिक्सा भन्ने बुझिनेछ।

(४) "अन्य सवारी साधनहरु" स्थानीय सरकारको क्षेत्राधिकार भित्र पर्ने अन्य सवारी साधनहरु भन्ने बुझिनेछ ।

(ग) "रुट" भन्नाले नगर क्षेत्र भित्र संचालन हुने स्थानीय सवारीका साधनहरुको लागि न.पा.द्वारा निश्चित क्षेत्र तोकी रुट इजाजत पत्रमा उल्लेखित रुट भन्ने बुझाउने छ ।

(घ) "संचालन अनुमति" भन्नाले बुटवल उपमहानगरपालिकाले रुट निर्धारण गरी नगरक्षेत्र भित्र सञ्चालन गर्न अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका स्थानीय सवारी साधनको संचालन अनुमतिलाई बुझाउने छ ।

(ङ) "क्रसिङ्ग विन्दु"भन्नाले बुटवल उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालन हुने गरी दर्ता तथा रुट इजाजत प्राप्त गरेका सवारी साधन राजमार्ग सडक वारपार गर्ने प्रयोजनका लागि ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरी दिएका निश्चित संख्याका सडक वारपार गर्ने स्थान भन्ने बुझिनेछ ।

(च) "राहत कोष" भन्नाले यसै ऐनको दफा २० वमोजिमको राहत कोषलाई बुझिनेछ ।

(छ) "समिति" भन्नाले यसै ऐनको दफा १३ बमोजिम गठित व्यवस्थापन समितिलाई बुझिनेछ ।

(ज) "स्वरोजगार" भन्नाले आफ्नो वा एकाघर परिवारको नाउँमा विलबुक भई सवारीचालक अनुमति प्राप्त गरी आफैले सवारी चलाएको व्यक्ति भन्ने बुझिनेछ ।

(झ) "नगरकार्यपालिका" भन्नाले बुटवल उपमहानगरपालिका नगरकार्यपालिकालाई बुझाउने छ ।

(ञ) "नगरकार्यपालिकाको कार्यालय वा कार्यालय" भन्नाले बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई बुझाउने छ ।

(ट) "नगर क्षेत्र" भन्नाले बुटवल उपमहानगरपालिकाको नगर सीमाना भन्ने बुझाउने छ ।

(ठ) "प्रमुख" भन्नाले बुटवल उपमहानगरपालिकाका प्रमुख भन्ने बुझाउने छ ।

(ड) "उपप्रमुख" भन्नाले बुटवल उपमहानगरपालिकाका उपप्रमुख भन्ने बुझाउने छ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(ण) "उपसमिति" भन्नाले दफा १६ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

(त) "नगरपालिका" भन्नाले बुटवल उपमहानगरपालिका संझनु पर्छ ।

(थ) "आर्थिक ऐन" भन्नाले बुटवल उपमहानगरपालिकाको प्रत्येक वर्ष (सालबसाली) बन्ने आर्थिक ऐन, भन्ने संझनु पर्छ ।

## परिच्छेद -२

## दर्ता तथा नवीकरण

**३.संचालन अनुमति लिनु पर्ने :**

(१) बुटवल उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने स्थानीय सवारी साधनहरुले प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता गरी बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट अनिवार्य रुपमा संचालन अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई नगर क्षेत्र भित्र स्थानीय सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

(३) स्थानीय सवारी साधनहरुलाई मुख्य राजमार्गहरुमा संचालन गर्ने गरी अनुमति दिइने छैन ।

(४) अनुमति प्राप्त स्थानीय सवारी साधनहरु बुटवल उपमहानगरपालिका र ट्राफिक प्रहरी कार्यालयले निषेध गरेको स्थानमा संचालन गर्न पाइनेछैन ।

(५) अन्य सवारी साधनहरुको हकमा तोकिए बमोजिम हुनेछ ।

**४.अन्यत्र दर्ता भएका स्थानीय सवारी साधन सञ्चालन गर्न नपाइने:**

बुटवल उपमहानगरपालिकामा बाहेक अन्य पालिकामा दर्ता भएका स्थानीय सवारी साधनहरुको सञ्चालनमा पूर्णत बन्देज गरिनेछ । तर छिमेकी पालिकामा दर्ता भई रुट इजाजत प्राप्त सवारी साधनले उपचारका लागि बिरामी लिएर आएको वा अन्य पालिकामा उपचार गरेको बिरामी घरमा पुऱ्याउन लिएर आएको अवस्थामा बाहेक बुटवल उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालन गर्न पाइने छैन ।

**५.दर्ता सम्बन्धी ब्यबस्था :**

(१) नगर क्षेत्र भित्र सञ्चालन गर्ने गरी सवारी साधन दर्ता गर्न चाहने व्यक्तिले बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा दफा ६ मा तोकिएको म्याद भित्र निवेदन दिनु पर्नेछ ।

(२) स्थानीय सवारी साधन दर्ताका लागि प्राप्त निवेदन उपर छानविन गरी कार्यालयले १५ दिन भित्र दर्ता गर्न मिल्ने/नमिल्ने निर्णय दिनेछ ।

तर यस ऐनमा तोकिएको संख्या भन्दा बढी हुने गरी कुनै सवारी साधन दर्ता गरिने छैन ।

(३) उपदफा (२) बमोजिम दर्ता हुने सवारी साधनहरुको लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नं. उपलब्ध गराइनेछ।

(४) दर्ता भएका सवारी साधनको बार्षिक नवीकरण गर्नु पर्नेछ ।

(५) रुट इजाजत, परिचयपत्र, चेकजाँच शुल्क, दर्ता तथा नवीकरण शुल्क आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(६) एक व्यक्ति एक स्थानीय सवारी साधन मात्र दर्ता र नवीकरण गरिनेछ ।

(७) संस्थागत रुपमा स्थानीय सवारी साधन दर्ता गर्न चाहने संस्थाको लागि बढीमा ५ वटा सम्म दर्ता र नवीकरण गर्न सकिनेछ ।

(८) प्राविधिक हिसावले चेकजाँच गर्दा भौतिक तथा प्राविधिक रुपले कैफियत देखिएका स्थानीय सवारी साधनहरु दर्ता तथा नवीकरण गरिनेछैन र प्राविधिक कैफियत गर्ने व्यक्तिको नाममा रहेका

सवारी साधनको रुट इजाजत खारेज गरी त्यस्ता व्यक्तिको हकमा ३ तीन वर्षसम्मका लागि स्थानीय सवारी साधनको रुट इजाजत दिइने छैन ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "प्राविधिक कैफियत" भन्नाले निर्माण कम्पनीबाट उल्लेख भएको चेसिस नं. परिवर्तन गरेको कार्यलाई जनाउनेछ ।

(९) कार्यालयले प्रत्येक वर्ष चेकजाँचको लागि २१ दिने सूचना प्रकाशित गर्नेछ । सूचना म्याद भित्र सम्पर्कमा नआएका स्थानीय सवारी साधन धनीहरुका लागि पून: ७ दिनको मौका दिई सूचना गरिनेछ । र सो सूचनाको अवधि भित्र पनि चेकजाँचका लागि नआउने सवारी साधनहरुको हकमा रुट इजाजत खारेज गर्न सकिनेछ ।

## ६. छनौट सम्बन्धी व्यवस्था:

(१) यस ऐन बमोजिम निर्धारित संख्याको सीमा भित्र रही स्थानीय सवारी साधनहरुको सञ्चालन अनुमतिका लागि नगरकार्यपालिकाको कार्यालयले एक्काइस दिनको समय दिई सार्वजनिक सूचना प्रकाशित गर्नेछ।

(२) सूचनामा तोकिएको संख्याको सीमा भित्र रही स्थानीय सवारी साधन दर्ताको लागि आवेदन गर्ने आवेदकमध्ये प्राविधिक चेकजाँचमा योग्य भएका स्थानीय सवारी साधनहरुलाई देहाय बमोजिमको अंकभारका आधारमा छानविन गरी छनोट गरिनेछ ।

(क) स्वरोजगार एकल महिला सवारी धनी र स्वंय चालक भएकालाई -६ अंक

(ख) स्वरोजगार, स्वयं धनी र चालक भएको पिछडिएको वर्ग समुदाय वा यौनिक अल्पसंख्यक व्यक्तिलाई - ५ अंक

(ग) स्वरोजगार धनी र चालक स्वंय भएको महिलालाई - ४ अंक

(घ) स्वरोजगार धनी र चालक स्वंय भएकोलाई -३ अंक

(ङ) स्वरोजागार एकाघर सगोलको सदस्य धनी र चालक भएकालाई - २ अंक

(च) एकल महिला सवारी साधन भएकोलाई - २ अंक

(छ) स्थायी बासिन्दा भएकोलाई - १ अंक

तर खण्ड (क) र (च) अनुसारको अंक एकाघर परिवारका सदस्यको मृत्यु भई नामसारी भएकाहरुको लागि मात्र प्रदान गरिनेछ ।

## ७. आवेदन साथ पेश गर्नु पर्ने प्रमाण:

(१) दफा ५ बमोजिम सवारी साधन दर्ता अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनका लागि सवारी धनी नेपाली नागरिकले देहायको विवरण बमोजिमका कागजातहरु संलग्न गरी दर्ता तथा रुट इजाजतका लागि आवेदन दिनुपर्नेछ ।

(क) सवारी धनीको आवेदन,

(ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र २ प्रति फोटो,

(ग) सवारी तथा चेसिस नम्बर देखिने रंगीन फोटो,

(घ) सवारी चालक आफै भए चालक अनुमतिपत्रको प्रतिलिपि,

(ङ) सम्बन्धित यातायात व्यवस्था कार्यालयले दर्ता गर्दा खडा गरेको फाइलमा संलग्न सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपिहरु १/१ प्रति,

(च) दफा ६ को उपदफा (२) बमोजिमको प्राथमिकता प्राप्त गर्न सो सम्बन्धी कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका आवेदन उपर नगरकार्यपालिकाको कार्यालयले छानबिन गरी अनुमति सिफारिस, रुट इजाजतपत्र र सवारी साधन नम्बर दिन सक्नेछ ।

(३) दफा ६ को उपदफा (२) को खण्ड (क) देखि (च) सम्मको सुविधा लिएका सवारी साधनहरु अन्य व्यक्तिको नाममा नामसारी भएमा पून: प्राथमिकता क्रममा पर्ने छैनन ।

**८. नवीकरण सम्बन्धी व्यवस्था :**

(१) उपमहानगरपालिकाबाट दर्ता अनुमति प्राप्त गरी संचालनमा रहेका सवारी साधनहरुले स्थानीय आर्थिक ऐनमा उल्लेखित दस्तुर तिरी वार्षिक रुपमा नवीकरण गर्नुपर्ने छ ।

(२) चेकजाँचमा योग्य ठहरिएका स्थानीय सवारी साधनको मात्र नवीकरण गरिनेछ ।

(३) वार्षिक नवीकरणका लागि नआउने स्थानीय सवारी साधनहरुको पहिलो वर्षको हकमा आर्थिक ऐनमा तोकिए बमोजिम जरिवाना लिई नवीकरण गर्न सकिनेछ, दोस्रो वर्ष पनि नवीकरण गर्न नआएमा त्यस्ता स्थानीय सवारी साधनहरुको हकमा रुट इजाजत खारेज गरिनेछ ।

(४) रुट इजाजत लिई संचालनमा रहेका ई-रिक्साको हकमा बढीमा ७ सात वर्षसम्मको लागि मात्र रुट इजाजत दिइनेछ ।

तर प्राविधिक चेकजाँचमा अयोग्य देखिएमा सो समय भन्दा अगाडि पनि रुट इजाजत खारेज गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(५) यो ऐन लागु हुनुभन्दा अगाडि देखि संचालनमा रहेका उपदफा (४) बमोजिमका स्थानीय सवारी साधनको हकमा यो ऐन प्रारम्भ भएको मितिले २ वर्षसम्म मात्र रुट इजाजत नवीकरण गरिनेछ ।

(६) रुट इजाजत लिई संचालनमा रहेका टेम्पोहरुको हकमा बढीमा १० दश वर्ष सम्मको लागि मात्र रुट इजाजत दिइनेछ ।

तर प्राविधिक चेकजाँचमा अयोग्य देखिएमा सो भन्दा अगाडि पनि रुट इजाजत खारेज गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(७) रुट इजाजत लिई संचालनमा रहेका म्यानुअल रिक्साको हकमा वढीमा ५ पाँच वर्ष सम्मको लागि मात्र रुट इजाजत दिइनेछ ।

तर प्राविधिक चेकजाँचमा अयोग्य देखिएमा सो भन्दा अगाडि पनि रुट इजाजत खारेज गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(८) अन्य सवारी साधनको हकमा तोकिए बमोजिम हुनेछ ।

(९) स्थानीय सवारी साधन विक्री वा अन्य कारणवाट दाखिल खारेज नामसारी भएमा त्यस्ता सवारी साधन धनीले दफा ७ मा उल्लेखित कागजात र नामसारी भएको कागजात समेत साथै राखी रुट इजाजत र नवीकरणका लागि कार्यालयमा निवेदन दिनु पर्नेछ । रुट इजाजत नामसारी गर्दा आर्थिक ऐनमा तोकिए बमोजिम दस्तुर बुझाउन पर्नेछ ।

(१०) उपदफा (९) बमोजिमको दाखिल खारेज नामसारी चालक अनुमतिपत्र भएको व्यक्तिको नाममा भएको हुनु पर्नेछ र रुट इजाजत नामसारी यस दफाको उपदफा (२),(३),(४),(५),(६) र (७) बमोजिमको रीत पुगेको सवारी साधनको मात्र हुनेछ ।

९. **सवारी चालक अनुमतिपत्र:** नगर क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून वमोजिम सवारी चालक अनुमतिपत्र लिएको हुनु पर्नेछ ।

## परिच्छेद-३

## रुट तथा संख्या निर्धारण:

१०. **रुट निर्धारण:** (१) यस ऐन बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु संचालन गरिने रुटको निर्धारण नगरकार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको रुट निर्धारण नभएसम्म यस ऐन बमोजिम अनुमति प्राप्त सवारी साधनहरुको रुट देहाय बमोजिम हुनेछ ।

(क) राजमार्ग सडक सुरक्षा निकाय र नगरकार्यपालिकाले सूचना प्रकाशित गरी निषेध गरेको क्षेत्र बाहेकका नगर क्षेत्रभित्रका सडक क्षेत्र ।

(ख) नगर क्षेत्रमा संचालन अनुमति प्राप्त चालकले रुट इजाजतपत्र साथमा राख्नु पर्नेछ ।

(ग) प्रत्येक सवारी धनीले रुट इजाजत पत्र लिएको हुनुपर्नेछ ।

(घ) नगरकार्यपालिकाको कार्यालयले समय-समयमा रुट परिर्वतन गर्न सक्नेछ ।

**११. संख्या निर्धारण:**

(१) नगर क्षेत्र भित्र सञ्चालन हुने दफा २ को खण्ड (ख) को बुंदा नं.१ बमोजिमका सवारी साधनहरुको हकमा १५०० र सोही दफाको खण्ड (ख) को बुदा नं.२ मा उल्लेखित सवारी साधनको हकमा ३० वटा सम्मको संख्यामा सवारी साधनको संख्या निर्धारण हुनेछ ।

तर निजी नम्बर प्लेट भएका संघ संस्थाका नाममा रहेका स्थानीय सवारी साधनको हकमा स्थानीय सवारी साधन व्यवस्थापन समितिको सिफारिसमा आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क लिई १०० वटा सम्मलाई दर्ता अनुमति दिन बाधा पुऱ्याएको मानिनेछैन ।

(२) अन्य सवारी साधनहरुको हकमा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम निर्धारण गरिएका स्थानीय सवारी साधनहरुको संख्या नगरकार्यपालिकाले समय समयमा पुनरावलोकन गर्न सक्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टेम्पोको हकमा बुटवल उपमहानगरपालिका क्षेत्रभित्र लामो दुरी सेवा प्रवाह गर्ने र नगर क्षेत्र भित्र पार्किङ्ग नरहने गरी रुट इजाजत सिफारिस दिन सकिनेछ र उपमहानगरपालिकाको दर्ता नं. उपलब्ध गराइनेछ ।

**१२.आलोपालोको व्यवस्था:** (१) यस ऐन बमोजिम निर्धारण गरिएको संख्याको व्यवस्थापनमा नगरकार्यपालिकाले आलोपालो प्रणाली जोरविजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-४

## संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**१३ स्थानीय सवारी साधन व्यवस्थापन समितिः**

(१) नगर क्षेत्रमा सञ्चालन हुने स्थानीय सवारी साधनहरुको संचालन, व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

क. उपप्रमुख बुटवल उपमहानगरपालिका -संयोजक

ख. प्रमुखले तोकेका एक महिला सहित जनप्रतिनिधि ४ जना - सदस्य

ग. यातायात व्यवस्था कार्यालयका अधिकृत प्रतिनिधि १ जना - सदस्य

घ. नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्था कार्यालयका अधिकृत प्रतिनिधि १ जना - सदस्य

ङ. ईलाका प्रहरी कार्यालय बुटवलका अधिकृत प्रतिनिधि -सदस्य

च. प्रमुखले तोकेको ट्रेडयुनियन प्रतिनिधि १ जना -सदस्य

छ. प्रमुख वित्त व्यवस्थापन महाशाखा -सदस्य

ज. राजश्व शाखाका शाखा प्रमुख -सदस्य सचिव

**१४. समितिको काम कर्तव्य र अधिकारः**

(१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. स्थानीय सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी जस्ता कार्यका लागि नगरकार्यपालिकामा सिफारिस गर्ने र सो को व्यवस्थापनमा समन्वय एवं सहजिकरण गर्ने ।

ख. सम्वद्ध स्थानीय सवारी साधनका सरोकारवालाहरुसंग समन्वय गर्ने ।

ग. भाडा दर निर्धारणका लागि नगरकार्यपालिकामा सिफारिस गर्ने ।

घ. सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई संचालन योग्य नदेखिएका सवारी साधनको दर्ता र रुट खारेजीका लागि सिफारिस गर्ने ।

ङ. नगर क्षेत्रमा संचालित स्थानीय सवारी साधन, ट्राफिक व्यवस्थापनका आधारमा संख्या थप घट गर्न नगरकार्यपालिकामा सिफारिस गर्ने ।

च. नगरमा संचालित स्थानीय सवारी साधनमा स्थानीय पर्यटन प्रर्वद्धनसंग सम्बन्धित स्थानीय पहिचानका विषयहरु समेतलाई समेट्ने गरी व्यवस्थापन गर्ने ।

छ. दफा २० बमोजिमको राहत उपलब्ध गराउन नगरकार्यपालिकामा सिफारिस गर्ने ।

(२) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. बिमा गर्नुपर्ने:** (१) स्थानीय सवारी साधन धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष विमा गर्नुपर्नेछ ।

**१६. स्थानीय सवारी साधनको चेकजाँच उपसमिति:**

(क) नगर प्रमुखले तोकेको वडाध्यक्ष - संयोजक

(ख) नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्था कार्यालयको अधिकृतस्तरको प्रतिनिधि १ जना -सदस्य

(ग) प्रमुखले तोकेको प्राविधिक १ जना -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव

उल्लेखित चेकजाँच उपसमितिले आवश्यकता अनुसार अन्य कुनै विषयका विषय विज्ञ व्यक्तिलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

**१७. स्थानीय सवारी साधन चेकजाँच उपसमितिको काम कर्तव्य र अधिकार:**

(१) चेकजाँच उपसमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय सवारी साधनहरुको भौतिक पक्ष एवं सवारी साधन संचालनका लागि आवश्यक कागजातहरुको चेकजाँच गरी व्यवस्थापन समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपसमितिको चेकजाँच व्यवस्थापन सम्बन्धी कार्यविधि एवं बैठक संचालनको विधि उपसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्त यस ऐनमा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र उल्लेख नभएको हकमा देहाय बमोजिम शर्त पालन गर्नु पर्नेछ ।

(१) सवारीधनी र सवारी चालकको ठेगाना र फोन न. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(२) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(३) राजमार्ग सडक क्षेत्रमा तोकिएको क्रसिङ्ग विन्दु बाहेक अन्य बिन्दुबाट स्थानीय सवारी साधन क्रस गर्न पाइने छैन ।

(४) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन संचालन गर्न पाइने छैन ।

(५) सवारीधनीले न.पा.बाट फोटो र अन्य पहिचान वस्तु सहित परिचयपत्र लिई सवारी चालकलाई उपलब्ध गराउनु पर्नेछ । र उक्त परिचयपत्र सवारी चालकले अनिवार्य रुपमा प्रयोग गर्नुपर्नेछ ।

(६) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी साधन संचालन गर्न पाइने छैन ।

(७) स्थानीय सवारी साधनका कारणले दुर्घटना एवं अन्य हिसाबले यात्रुहरुलाई हानी नोक्सानी हुन गएमा सो को सम्पूर्ण आर्थिक एवं कानूनी दायित्व सवारीधनीले व्यहोर्नु पर्नेछ ।

(८) यात्रुसंग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

## परिच्छेद-५

## दण्ड जरिवाना तथा राहत कोषः

### १९. दण्ड जरिवाना सम्बन्धी व्यवस्था :

(१) यस ऐन विपरीतको कार्य गर्ने गराउनेलाई बुटवल उपमहानगरपालिकाको प्रत्येक वर्ष (सालबसाली) बन्ने आर्थिक ऐनले निर्धारण गरे बमोजिमको दण्ड जरिवाना असुल उपर गरिनेछ । अन्य प्रचलित कानून आकर्षित हुने विषयमा सोही बमोजिम हुनेछ ।

### २०. राहत कोष सम्बन्धी व्यवस्थाः

(१) यस ऐन बमोजिम संचालन अनुमति प्राप्त स्थानीय सवारी साधनका सवारी चालक दुर्घटना वा अन्य कारणले गंम्भीर विरामी भएमा, अपाङ्गता भएमा र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएमा त्यस्ता चालकलाई राहत सहयोग प्रदान गर्न बुटवल उपमहानगरपालिकाले एउटा श्रमिक कल्याण राहत कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको राहत सहयोग प्राप्त गर्न सवारी साधनको दफा १५ बमोजिम बिमा गरेको र बिमा नवीकरण गरेको हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको राहत कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ।

क. बुटवल उपमहानगरपालिकाबाट प्रत्येक आर्थिक वर्ष बढीमा रु. तीन लाख रुपैयाँ सम्मका दरले जम्मा गरिने रकम।

ख. प्रति स्थानीय सवारी साधन धनीले राहत कोषमा सहभागिताका लागि प्रत्येक वर्ष रु.दुई सय अनिवार्य जम्मा गर्नुपर्नेछ।

(४) कोषको संचालन बुटवल उपमहानगरपालिकाले छुट्टै खाता खोली गर्नेछ।

(५) कोषको रकम व्यवस्थापन समितिको सिफारिस र कार्यपालिकाको निर्णयबाट मात्र खर्च गर्न पाइनेछ।

(६) राहत रकम अधिकतम रु. पच्चीस हजार सम्म उपलब्ध गराउन सकिनेछ।

(७) उपदफा (६) मा उल्लेख भए भन्दा बढी राहत रकम उपलब्ध गराउनु पर्ने अवस्था भएमा व्यवस्थापन समितिले प्रर्याप्त आधार र कारण सहित नगरकार्यपालिकामा सिफारिस गर्नुपर्नेछ।

(८) एकै वर्षमा एकै व्यक्तिलाई अधिकतम रु. पचास हजार भन्दा बढी र दोहोऱ्याएर राहत रकम उपलब्ध गराइने छैन।

## परिच्छेद-६

## विविध

### २१. विविध:

(१) जरिवानाबाट प्राप्त हुने रकमको व्यवस्थापन देहाय बमोजिम गरिनेछ।

क. जरिवाना वापत उठेको रकमको २० प्रतिशत रकम नगरको ट्राफिक व्यवस्थापनको अनुगमन नियमन गर्न नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्था कार्यालयलाई र ५ प्रतिशत रकम नगर प्रहरी र व्यवस्थापनमा खट्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराइने छ। जरिवानावाट ट्राफिक प्रहरी कार्यालयलाई प्राप्त हुने उक्त रकमबाट ट्राफिक प्रहरी कार्यालयले अनुगमनमा संलग्न प्रहरीलाई प्रोत्साहन तथा कार्यालय व्यवस्थापनमा खर्च गर्न सक्नेछ।

ख. स्थानीय सवारी साधनहरुको नगरपालिकाबाट अनुगमन गर्दा कैफियत देखिई गरिएको जरिवानाबाट प्राप्त रकमको बीस प्रतिशत रकम अनुगमनमा खटिने नगर प्रहरी, राजश्व शाखा र सम्बन्धित कर्मचारीलाई उपलब्ध गराइनेछ ।

स्पष्टिकरण: कैफियत भन्नाले यस ऐन बमोजिम पालना गर्नुपर्ने व्यवस्थाको पालना नगरेको कार्यलाई जनाउनेछ ।

२२. यो ऐनको कार्यान्वयनको सर्न्दभमा कुनै वाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

२३. नगरकार्यपालिकाले यस ऐनको कार्यान्वयन गर्न आवश्यकता अनुसार नियमावली, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

**२४. खारेजी र बचाउ:**

(१) विद्युतीय रिक्सा संचालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७६ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि अनुसार भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**प्रस्ताव नं.१७.५.२**
न्यायिक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
**निर्णय नं.१७.५.२**
पूर्व निर्धारित कार्यक्रम अनुसार सभाध्यक्षज्यूको अनुमतिले उपप्रमुख श्री सावित्रादेवी अर्यालले न्यायिक समितिको आ.व.०८१/०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । प्रतिवेदन प्रस्तुती पश्चात प्रतिवेदन माथि छलफल भई छलफलमा उठेका विषय र प्रतिवेदनले औल्याए बमोजिमका सुझावहरूलाई कार्यान्वयन गर्ने र क्रमश: सुधार गर्दै जाने गरी प्रतिवेदन पारितका लागि सभाक्ष्यक्षज्यूबाट सभा समक्ष निर्णयार्थ प्रस्तुत भएकोले सभाबाट देहाय बमोजिमको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

## न्यायिक समितिको वार्षिक प्रतिवेदन

**नगर सभाका अध्यक्षज्यू,**
**नगरसभाका सचिवज्यू,**
**नगरसभाका सदस्यज्यूहरु,**
**बैठकलाई व्यवस्थित बनाउन खटिनु भएका राष्ट्रसेवक कर्मचारीहरु,**

**पत्रकार एवं सञ्चारकर्मी मित्रहरु ।**

**यस गरिमामय नगरसभाको सत्रौं अधिवेशनको पाँचौं बैठक समक्ष नगर उपप्रमुख तथा न्यायिक समितिको संयोजकको हैसियतले चालु आ.ब.०८१/०८२ को न्यायिक समितिको बार्षिक प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।**

नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी न्यायमा जनताको पहुँचलाई सरल र सहज बनाउन बुटवल उपमहानगरपालिकामा न्यायिक समितिको स्थापना गरिएको र सो अनुरुप इजलाश तथा सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनमा रहेको छ । न्यायिक समितिबाट विवाद् निरुपणका उपायहरु अवलम्बन गर्दा विवादित पक्षहरु बीच जित-जितको अवस्था सुनिश्चित हुने र न्यायप्रति नगरबासीमा विश्वास बढ्नुका साथै विवाद निरुपणलाई सरल, सहज, कमखर्चिलो गराउने उद्देश्यले मेलमिलाप मार्फत विवाद् समाधान गर्ने कामलाई प्राथमिकता दिइएको छ । न्यायिक समितिले न्याय सम्पादनको क्रममा विवाद् सुन्ने तथा सहजीकरण गर्ने विधिलाई सरल बनाउदै इजलाशमा समेत विवादित पक्षहरु बीच आपसी समझदारी गराउन प्रयासरत रहदा मेलमिलापमा उल्लेख्य सफलता हासिल गर्न सकिएको छ । न्यायिक समितिको संवेदनशीलता र मेलमिलापकर्ताको निरन्तरको मेहनतवाट नै बुटवल उपमहानगरपालिका क्षेत्रभित्रको न्याय निरुपण प्रक्रिया प्रभावकारी देखिएको छ ।

**न्यायिक समितिको उद्देश्य**

- बुटवल उपमहानगरपालिकाको समुदायस्तरमा सिर्जना भएका र हुने विवाद् न्यायिक समिति र मेलमिलाप केन्द्रको प्रयासबाट निरुपण गरी सामाजिक सद्भाव र सहिष्णुता कायम राख्ने ।
- आपसी विवाद् लिएर अदालत धाउने क्रममा हुने आर्थिक व्ययभार, अनुत्पादक खर्च, दुःख हैरानीबाट नगरबासीलाई मुक्त गराउने ।
- न्यायमा सबैको पहुँच बढाउने र विवादरहित, हिंसारहित न्यायोचित समाज निर्माण गरी समानता, स्वाभिमान र अवसर, बस्न योग्य बुटवल शहर निर्माणमा टेवा पुऱ्याउने ।
- स्थानीय न्यायिक प्रक्रियालाई छिटो, छरितो, सरल, पारदर्शी र विश्वसनीय बनाउने ।
- विवादित पक्षलाई जित-जितको अनुभव दिलाउदै विवाद्को दिगो समाधान गर्ने ।
- कानूनको शासन,मानव अधिकार प्रवर्द्धन तथा न्यायप्रतिको जनविश्वास कायम राख्ने ।

**चुनौती**

- न्यायिक समितिका सदस्यहरु राजनैतिक क्षेत्रबाट निर्वाचित भइ आएकाले विवादका पक्षहरुलाई आफ्ना मतदाताको रुपमा आग्रह पूर्वाग्रह नराखि काम गर्नु पर्ने कार्य चुनौतीपुर्ण रहेको ।

- वडा तहमा आएका विवाद्हरुको समाधानमा जनप्रतिनिधि संलग्न नभई सूचीकृत मेलमिलापकर्ताहरुबाट मात्र विवाद् समाधानको चरणहरु अनुशरण गराउन नसकिएको ।
- सबै वडामा मेलमिलापकर्ता तयार भए तापनि वडास्तरमा भौतिक पूर्वाधारहरु तयार गर्न नसकिएकाले वडा मेलमिलाप केन्द्र गठन गरी सञ्चालन गर्न नसकिएको ।
- न्यायिक समितिबाट न्याय सम्पादनको क्रममा अदालती कार्यविधि समेत अनुशरण गर्नुपर्ने भएकाले मौलिक रुपमा विवाद् समाधान गर्न चुनौती रहेको ।
- विवादित विषयहरु सबै न्यायिक समितिको क्षेत्र भित्र पर्छ भन्ने आम नागरिकको धारणाका कारण न्यायिक समितिको क्षेत्राधिकार भन्दा वाहिरको विषयमा पनि विवाद् आउने हुदा विवादका पक्षहरुलाई कानूनी र संवैधानिक प्रावधानका बारेमा उचित रुपमा सम्झाई बुझाई पठाउन थुप्रै जटिलताहरु रहेका ।

**आवश्यकता**

- न्यायका सर्वमान्य सिद्धान्त तथा मूल्य, मान्यता र न्याय सम्पादनका प्रकिया लगायतका विषयमा विशेष तालिम र कानूनी साक्षरता कार्यक्रम नियमित रुपमा सञ्चालन गर्नुपर्ने ।
- प्रत्येक वडामा मेलमिलापकेन्द्र स्थापना गरी मेलमिलाप कक्ष सञ्चालन गर्नुपर्ने ।
- न्यायिक समिति, कर्मचारीहरु, मेलमिलापकर्ता र जनप्रतिनिधिहरुलाई आवधिक रुपमा विषयगत कानूनका वारेमा प्रशिक्षण दिनुपर्ने ।
- न्यायिक समितिबाट भएका निर्णय तथा मेलमिलापका माध्यमबाट भएका सहमतिको पुर्ण कार्यान्वयनका लागि सम्बन्धित शाखा, महाशाखा तथा अन्य कार्यालयको समन्वयकारी भूमिकालाई प्रभावकारी गराउनुपर्ने ।

***आ.व. २०८१/०८२ मा न्यायिक समितिमा दर्ता भएका विवाद्को प्रकृति तथा विवरण :***

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) अर्न्तगतका विवाद् : ५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (२) अर्न्तगतका विवाद्: १०८

कुल जम्मा दर्ता विवाद् : ११३

**उल्लेखित विवाद् मध्ये**

फर्छ्यौट भएका विवाद् : ८५

प्रक्रियामा रहेका विवाद् : २८

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) अर्न्तगतका विवाद्का प्रकृति:**

(क) ज्याला मजदुरी दिलाई पाऊँ सम्बन्धी विवाद् - १

(ख) घरभाडा सम्बन्धी विवाद् - २

(ग) घरेलु हिंसा सम्बन्धी विवाद्  – १

(घ) झ्याल राखेको सम्बन्धमा –१

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (२) अर्न्तगतका विवाद्का प्रकृतिः**

(क) निजी जग्गा अर्कोले चापी मिची घुसाई खाएको, जग्गा सम्वन्धी विवाद् – ३४

(ख) लेनदेन सम्बन्धी विवाद - ३२

(ग) घरायसी झगडा - ८

(घ)  घरभाडा सम्बन्धी विवाद् - ७

(ङ) बाटो सम्बन्धी विवाद् - ५

(च) ध्वनी प्रदुषण - २

(छ) विवाह दर्ता र नागरिकता बनाउन सहजिकरण गरि पाउँ - ३

(ज) खान लगाउन नदिएको - १

(झ) गाली गलौज सम्बन्धी - २

(ञ) स्वास्थ्योपचार र खाना खर्च दिलाई पाउँ - १

(ट) खानेपानी वोरिङ्गमा ताला लगाएको सम्वन्धमा - १

(ठ) बहाल सम्झौता कार्यान्वयन गराई दिने सम्वन्धमा - १

(ड) पतिपत्नी विवाद् - ४

(ढ) प्रदुषण सम्वन्धी - १

(ण) पारिश्रमिक नदिएको - १
(त) सम्झौता बमोजिम घर निर्माण नगरेको - १

(थ) अनाधिकृत संरचना हटाई पाउँ - १

(द) शौचालयको पानी सिपेज भई दुर्गन्ध भएको - १

(ध) ग्यास सिलिण्डरको बिक्री वितरण हटाई पाउँ - १

(न) गैर कानूनी घर निर्माण कार्य रोक्का गराई मेलमिलाप गराई पाउँ - १

**साथै न्यायिक समितिले आ.व.०८१।८२ मा गरेका कार्यक्रमहरुको बारेमा पनि संक्षेपमा भन्न चाहन्छु ।**

१. बुटवल उपमहानगरपालिका न्यायिक समिति र सूचिकृत मेलमिलापकर्ताहरु बीच मिति २०८१।०६।०७ मा १ दिने अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिएको ।

२. वडा नं. ११, १२ र १३ का एकल महिला ,यूवा क्लव, टोल विकास संस्था र आमा समूहलाई मिति २०८१।०८।२६ र २७ मा २ दिने स्थानीय न्यायिक प्रक्रिया सम्बन्धी जानकारी तथा कानूनी सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको ।

३. बुटवल उपमहानगरपालिकामा सूचीकृत मेलमिलापकर्ताहरुलाई मिति २०८१।०९।१३ देखि २०८१।०९।१६ गते सम्म पोखरा महानगरपालिका लगायतका पालिकाहरुसँग अध्ययन अवलोकन भ्रमण मार्फत अन्य पालिकाका न्यायिक समितिमा भए गरेका असल अभ्यासहरुको अनुशरण गरी विवाद् समाधानमा सहजिकरण गरिएको ।

४. न्यायिक समितिबाट विभिन्न विवादका विषयमा स्थलगत अवलोकन गरी प्राप्त जानकारी एवं प्रमाणका आधारमा न्याय सम्पादन गरिएको ।

अन्त्यमा न्यायिक समितिलाई हौसला प्रदान गर्नुहुने नगर प्रमुख, सम्पूर्ण जनप्रतिनिधिहरु, न्यायिक समितिमा रही सकियतापूर्वक न्याय सम्पादनमा भाग लिने समितिका सबै सदस्य, आमन्त्रित विज्ञ, पत्रकार, मेलमिलापकर्ता, टोल विकास संस्थाका पदाधिकारी लगायत सबै कर्मचारीहरुप्रति धन्यवाद व्यक्त गर्दछु ।

**सावित्रादेवी अर्याल**
**संयोजक**
**न्यायिक समिति**

**प्रस्ताव नं.१७.५.३**
अनुगमन समितिको वार्षिक प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
**निर्णय नं.१७.५.३**
पूर्व निर्धारित कार्यक्रम अनुसार सभाध्यक्षज्यूको अनुमतिले उपप्रमुख श्री सावित्रादेवी अर्यालले अनुगमन समितिको आ.व.०८१/०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । प्रतिवेदन प्रस्तुती पश्चात प्रतिवेदन माथि छलफल भई छलफलमा उठेका विषय र प्रतिवेदनले औंल्याए बमोजिमका सुझावहरूलाई कार्यान्वयन गर्ने र क्रमश: सुधार गर्दै जाने गरी प्रतिवेदन पारितका लागि सभाक्ष्यक्षज्यूबाट सभा समक्ष निर्णयार्थ प्रस्तुत भएकोले सभाबाट देहाय बमोजिमको अनुगमन समितिको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

## बुटवल उपमहानगरपालिका
## उपप्रमुख एवं अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण समिति
## संयोजक सावित्रादेवी अर्यालद्वारा नगरसभाको १७ औं अधिवेशनमा प्रस्तुत
## आ.व.२०८१ /०८२ को बार्षिक अनुगमन प्रतिवेदन

**नगर सभाका अध्यक्षज्यू , सचिवज्यू, सदस्यज्यूहरु र उपस्थित कर्मचारीहरु एवं संचारकर्मी मित्रहरु**

**"समानता, स्वाभिमान र अवसर - बस्न योग्य बुटवल सहर"** को मुल लक्ष्य प्राप्तीका लागि हामी सबै निरन्तर आफ्नो जिम्मेदारी वहन गर्न खटिरहेका छौ । बुटवल उपमहानगरपालिकाको उपप्रमुख एवं अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण समितिको संयोजकको हैसियतले आ.व.२०८१।०८२ को वार्षिक अनुगमन प्रतिवेदन यस गरिमामय नगर सभाको १७ औ अधिवेशनको पाँचौ बैठकमा प्रस्तुत गर्न उपस्थित भएको छु। संघीय नेपालको पुर्नसंरचना बमोजिम स्थानीय तहको दोश्रो निर्वाचन सम्पन्न भए पश्चातको हाम्रो कार्यकालको तेश्रो वर्ष पुरागरी चौथो वर्षको आरम्भ भएको यस अवसरमा हुन गैरहेको गरिमामय नगरसभाको १७ औं अधिबेशनको अवसरमा हामीलाई निर्वाचित गरी महत्वपूर्ण जिम्मेवारी एवं अवसर प्रदान गर्नुहुने सम्पूर्ण नगरवासी मतदाताहरु प्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दै नेपालको स्वाधीनता, सार्वभौमसत्ता, भौगोलिकता एवं राष्ट्रिय अखण्डता, लोकतन्त्र प्राप्ति तथा मुलुकको समृद्धि र परिवर्तनका लागि विभिन्न कालखण्डमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

बुटवल उपमहानगरपालिकाद्वारा संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण गरी पारदर्शी, जवाफदेही, परिणाममूखी, दीगो तथा भरपर्दो र गुणस्तरीय बनाउन नगरकार्यपालिका कार्यालयका विभिन्न मशाशाखा, शाखा, वडा कार्यालय, एवं शहरी स्वास्थ्य केन्द्रको सेवालाई थप जवाफदेही, सिर्जनात्मक एवं प्रतिस्पर्धी बनाउँदै सुशासन कायम गर्न बुटवल उपमहानगरपालिकाबाट सम्पादन हुने भौतिक पूर्वाधार निर्माण, आर्थिक विकास एवं सामाजिक विकासका क्षेत्रमा भएका कार्यलाई **अनुगमन तथा मूल्यांकन गर्ने सम्बन्धी ऐन, २०७५ (पहिलो संसोधन, २०७७)** र उपभोक्ताको हित संरक्षण गर्ने प्रयोजनका लागि बजार अनुगमन गर्ने दायित्व स्थानीय तहलाई तोकिए बमोजिम उपभोक्ताको स्वास्थ्य, सुविधा र हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवम् मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गरी खाद्य सम्प्रभुता स्थापित गर्न, उत्पादन एवं उपभोग्य स्थल लगायतका ठाउँहरुमा वस्तु वा सेवा प्रदायक विक्रेताको व्यावसायिक कारोवारको दर्ता, नवीकरण, खारेजी, आपूर्ति, वस्तुको मूल्य, गुणस्तर, नापतौल, लगायतका व्यावसायिक क्रियाकलापहरुको नियमन गर्न बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाबाट पारित भएको **स्थानीय बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०७५ (पहिलो संसोधन, २०७७)** पारित भई कार्यान्वयनमा रहेको छ ।

**सभाध्यक्षज्यू एवं सदस्यज्यूहरु,**

बुटवल उपमहानगरपालिकावाट सम्पादन हुने कार्यलाई अनुगमन तथा मूल्यांकन गर्ने सम्बन्धी ऐन, २०७५ (पहिलो संसोधन, २०७७) ले गरेको व्यवस्था अनुसार गठित नगरस्तरीय अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण समिति र बुटवल उपमहानगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन

निर्देशिका, २०७५ (पहिलो संसोधन, २०७७) ले गरेको व्यवस्था बमोजिम गठित स्थानीय बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र रही आर्थिक वर्ष २०८१।०८२ मा सम्पादन गरिएका मुख्य मुख्य कार्यको संक्षिप्त अनुगमन प्रतिवेदन यस गरिमामय सभामा पेश गर्न चाहान्छु।

१. भौतिक पूर्वाधार विकास निर्माणसंग सम्वन्धित योजनाहरुको अनुगमन निरीक्षण गर्ने क्रममा वडा नं ११ मा निर्माण भएको गलामी पथमा फुटपाथ सहितको सडक, नाली एवं सोही वडाको एभरेष्ट पथ लालीगुँरास पथको सडक निमार्ण, रंगशाला पथ सडक निर्माण, वि.पी.पुष्पलाल र सूर्य प्रसाद प्रधान उद्यानको निर्माण कार्य, वडा नं. ३ र ४ को ज्योतिनगर पहिरो नियन्त्रण कार्य, ईलाका प्रहरी कार्यालय बुटवलको कम्पाउण्ड वाल निर्माण कार्य, हाटबजार पूर्वाधार निर्माण, वडा नं. ८ मा रहेको दशरथ पथको फुटपाथ तथा नाली निर्माण, शान्ति पथको फुटपाथ सहितको सडक तथा नाली निर्माण, पशु वधशाला, बटौली युद्ध संग्रहालय, जीतगढी किल्ला, सडकबोर्ड मार्फत विभिन्न वडामा भएको सडक मर्मत तथा स्तरोन्नती, ट्रान्सपोर्ट भिलेज (ढुवानी ग्राम) को नाली निर्माण तथा स्तरोन्नती र मर्मतका कार्यहरुको निरीक्षण अनुगमन गरिएको छ । त्यसैगरी विभिन्न सामुदायिक विद्यालयको भवन निर्माण, शौचालय निर्माण, विभिन्न पार्कहरु लगायतका योजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने कार्य सम्पन्न भएको छ। अनुगमनको क्रममा अधिकांश योजनाहरुको कार्य सन्तोषजनक रुपमा अगाडि बढेको पाइयो भने केही योजनाहरुको निर्माण कार्यमा ढिलाई देखिएको हुंदा सम्झौता बमोजिमको समयावधि भित्र काम सम्पन्न गर्न एवं तोकिए बमोजिमको गुणस्तरीय कार्य गर्न सम्बन्धित शाखा, साईड इन्चार्ज, उपभोक्ता समिति एवं निर्माण व्यवसायीलाई निर्देशन गरिएको छ ।

२. कार्यालयवाट प्रवाह भइरहेका सेवालाई थप प्रभावकारी बनाउने उद्देश्यकासाथ विभिन्न मितिमा कार्यालयका महाशाखा / शाखाहरु, वडा कार्यालय, विद्यालयका अध्यापन एवं परीक्षा संचालन, विज्ञान प्रबर्धन कार्यक्रम, कम्प्युटर ल्याव र आइसिटी ल्याव, फर्निचर खरिद र शहरी स्वास्थ्य केन्द्रबाट प्रदान भएको सेवाको अनुगमन एवं निरीक्षण गरिएको छ । कार्यालयबाट संचालित विभिन्न सचेतनामूलक, सीपमूलक, रोजगारमूलक तथा उद्यम विकास कार्यक्रमहरु: नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम, उपप्रमुख महिला आत्मनिर्भर कार्यक्रम, मेयर युवा स्वरोजगार प्रवर्द्धन कार्यक्रम, गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, परम्परागत सीप प्रबर्धन कार्यक्रम, सामी परियोजना लगायतका कार्यक्रमको नियमित अनुगमन गरी थप प्रभावकारिता र सुधारका लागि आवश्यक निर्देशन एवं सुझाव दिईएको छ । साथै नगर क्षेत्रको सरसफाई तथा फोहोर व्यवस्थापन, लुम्बिनी बस टर्मिनल संचालन व्यवस्थापन, नगरको फोहोर व्यवस्थापन तथा सरसफाई, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित श्रममा आधारित विभिन्न योजना तथा कार्यक्रमहरु, हरियाली प्रबर्द्धन कार्यक्रम, हाटबजार व्यवस्थापन लगायतका विभिन्न योजना तथा कार्यक्रमहरुको नियमित स्थलगत अनुगमन तथा निरीक्षण गरी थप प्रभावकारी बनाउन आवश्यक पहल एवं निर्देशन भएको छ

३. उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवम् मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गरी खाद्य सम्प्रभुता स्थापित गर्न स्थलगत अनुगमन निरीक्षण कार्यलाई प्राथमिकता दिईएको छ । यस अवधिमा नगर क्षेत्रका विभिन्न स्थानमा संचालनमा रहेका २१ वटा खाद्यान्न विक्री पसलको अनुगमन गरिएको थियो । अखाद्य अवस्थामा रहेको विभिन्न प्रकारका करिव २५० किलो खाद्यान्न जफत गरी नष्ट गरिएको

छ । यस अवधिमा मिष्ठान भण्डार १५ वटा अनुगमन गरी अखाद्य अवस्थामा रहेका मिठाई, तेल, पेय पदार्थ लगायतको सामान जफत गरी नष्ट गरिएको छ । त्यसैगरी होटल तथा रेष्टुरेष्ट २५ वटा अनुगमन गरी अखाद्य अवस्थामा रहेको खानाहरु जफत गरी नष्ट गरिएको साथै रु.३७ हजार जरिवाना समेत गरिएको छ । त्यसैगरी, लुम्बिनी प्रादेशिक अस्पताल, आम्दा अस्पताल लगायत संस्थागत र सामुदायिक विद्यालयका १० वटा चमेना गृह अनुगमन गरी थप सुधारका लागि सरसफाईमा विशेष ध्यान दिन निर्देशन दिइएको छ । यस अवधिमा अनुदानको मल विक्री वितरण गर्ने सहकारी संस्था १० वटाको २ पटकसम्म अनुगमन गरी मल वितरण व्यवस्थित बनाईएको छ । त्यसैगरी नगरका विभिन्न क्षेत्रलाई समट्ने गरी दुध डेरी २२ वटा अनुगमन गरी दुधको नमूना संकलन गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय रुपन्देहीको ल्यावमा परीक्षण गराउदा दुधमा अखाद्य वस्तु, व्याक्टेरीया नरहेको तर केही नमूनामा फ्याटको मात्र कम रहेको पाईएको हुंदा सवै दुग्ध व्यवसायीलाई सचेतना कार्यक्रम संचालन गरिएको छ । बुटवल उपमहानगरपालिका वडा नं. ६ स्थित तरकारी तथा फलफूल थोक मण्डीमा आँप, केरा र विभिन्न प्रजातिका तरकारी सहित १४ वटा नमूना संकलन गरी ल्यावमा विषादीको अवस्थाका बारेमा परीक्षण गर्दा हाल बजारमा रहेको आँप तथा तरकारी उपभोग योग्य रहेको नतिजा प्राप्त भएको छ । साथै जिल्ला अनुगमन समिति रुपन्देहीको संयोजकत्वमा उपमहानगर क्षेत्रमा विभिन्न पटक सुधार गृह, बृद्धाश्रम, मानव सेवा आश्रम र ट्राभल्स एजेन्सी २० वटा अनुगमन निरीक्षण गर्दा दर्ता एवं नवीकरण नभएका केही व्यवसायीलाई जरिवाना समेत गरिएको छ ।

४. नगरक्षेत्रमा रहेका मासु वध गर्ने एवं विक्री गर्ने मासु विक्री पसल एवं फेस हाउसको अनुगमनका क्रममा केही फेस हाउस तथा मासु वधस्थल तोकिएको मापदण्ड बमोजिम तयार नभएका र फोहोर अवस्थामा रहेका व्यवसायीलाई तत्काल सुधार गर्न निर्देशन गरिएको छ, भने यस अवधिमा ९० वटा मासु पसलको अनुगमन गर्दा अखाद्य अवस्थामा रहेको करिव १०० किलो मासु जफत गरी नष्ट गरिएको साथै अनियमित कार्य गर्ने केही व्यवसायीहरुबाट रु.३० हजार जरिवाना समेत असुल गरिएको छ । त्यसैगरी बुटवल १० मा निर्माण भएको बधशालाको पूर्ण संचालनका लागि नगर क्षेत्रमा रहेका ७२ वटा पसलको अनुगमन गरी खसी बोका बधशालामा नै वधगरी विक्री गर्न पटक पटक अनुगमन, छलफल, अन्तरक्रिया एवं सचेत गराउन सघन रुपमा पटक पटक अनुगमन गरी बधशालामा बध गरेको मासुमात्र विक्री वितरण गर्न व्यवसायीलाई सहमतिमा ल्याउने प्रयास भएको थियो ।

५. त्यसैगरी यस अवधिमा नदीजन्य पदार्थको उत्खनन्, ओसारपसार, घाटगद्धि, अनियमित ओसारपसार एवं चोरी निकासी नियन्त्रण र व्यक्तिगत जग्गाको इजाजत विना माटो उत्खन्न एवं ओसार पसार गर्ने कार्यको विभिन्न अनुगमन / निरीक्षण गरी अवधै कार्य गर्नेलाई कारवाही समेत गरी सो कार्यमा व्यवस्थित बनाउन पहल गरिएको छ ।

६. बजार अनुगमनका क्रममा विक्री पसलहरुमा मूल्यसूची टाँस नगर्ने, विलविजक जारी नगर्ने, पसल भन्दा वाहिर पेटिमा राखेर सामान विकी गर्ने, लेवल नभएका, म्याद नाघेका अखाद्य अवस्थामा रहेका खाद्यान्न विकी गर्ने व्यवसायीहरुलाई सचेत गराईएको छ । अनुगमनका क्रममा दिइएका सुझावलाई वेवास्ता गरी कसुर दोहोऱ्याउने व्यवसायी, पसल, प्रतिष्ठानहरुवाट लेवल टाँस नभएका, म्याद नाघेका, विकीका लागि राखिएका अखाद्य सामग्रीहरु जफत गरी जनप्रतिनिधि, सुरक्षा निकाय, पत्रकार, सम्वन्धित विषयगत कार्यालय, संघ संस्थाका प्रतिनिधिहरुको रोहवरमा उक्त सामग्री नष्ट

गरी निजहरुलाई स्थानीय बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०७५ (पहिलो संसोधन, २०७७) अनुसार जरिवाना समेत गरिएको छ । साथै उपमहानगरपालिकाबाट आयोजना हुने सार्वजनिक सुनुवाईमा सेवाग्राहीबाट प्राप्त राय सुझाव समेतका आधारमा अनुगमन गरिएको छ । अनुगमनका क्रममा किराना थोक तथा खुद्रा पसल, फलफूल पसलहरुमा नाप तौलमा प्रयोग हुदै आएका ढक तराजु समेतको जाँच गर्दा कतिपय पसलहरुमा प्रयोग गरिएका ढक तराजु प्रमाणीकरण नगरेको त्यस्ता सामग्री जफत गरी निजहरुलाई प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढेको छ ।

७. बुटवल उपमहानगरपालिकाको नेतृत्वमा ईलाका प्रशासन कार्यालय बुटवल, इलाका प्रहरी कार्यालय बुटवल, नापतौल तथा गुणस्तर कार्यालय बुटवल, वाणिज्य कार्यालय रुपन्देही, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय रुपन्देही, बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही व्यापार संघ, उपभोक्ता हित संरक्षण मञ्च बुटवल, नेपाल मासु व्यवसायी संघ रुपन्देही, होटल तथा रेष्टुरेष्ट व्यवसायी संघ रुपन्देही, डेरी व्यवसायी संघ रुपन्देही, लुम्बिनी फलफूल तथा तरकारी थोक विक्रेता समिति, सुरक्षकर्मी, विभिन्न विषय क्षेत्रगत समिति, जनप्रतिनिधिहरु, संचारकर्मी लगायतको समन्वय, सहकार्य र सहभागितामा स्थानीय वजार अनुगमन गरिएको छ ।

८. वडास्तरमा संचालन हुने योजना तथा कार्यक्रमहरुको अनुगमन एवं निरीक्षणका लागि हरेक वडामा वडाध्यक्षको संयोजकत्वमा वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन भई परिचालन हुने कानूनी व्यवस्था बमोजिम वडाहरुमा समेत अनुगमन भएको व्यहोरा सम्मानित नगरसभामा जानकारी गराउँदछु । वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिहरुबाट आ आफ्ना वडा क्षेत्रमा भएगरेका कार्यहरुको अनुगमनलाई थप प्रभावकारी बनाई सोको प्रतिवेदन नियमित रुपमा नगरस्तरीय अनुगमन समितिमा पेस गर्ने व्यवस्था मिलाउदा थप प्रभावकारी एवं उपलब्धिमूलक हुने देखिन्छ ।

**उपमहानगरपालिकाबाट प्रवाह हुने सेवामा थप प्रभावकारिता एवं दिगोपनाका लागि गर्नुपर्ने केही विषयहरु**

- निर्माण भएका र कार्यान्वयनमा रहेका योजनाहरुको दिगोपनाका लागि समयमै मर्मतसंभारमा सम्बन्धित उपभोक्ता र उपमहानगरपालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।
- शाखा महाशाखामा भएगरेका कार्यको प्रगति प्रतिवेदन सहित उपमहानगरपालिकाबाट र वडा कार्यालयबाट सम्पादित कार्यको प्रगति प्रतिवेदन वडा कार्यालयहरुबाट मासिक रुपमा सार्वजनिक गर्नुपर्ने ।
- सम्वन्धित सेवा विषय क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरुसँग अन्तरसंवाद कार्यक्रम संचालन गर्दा सेवामा गुणस्तर ल्याउन सहज हुने देखिन्छ ।
- उपभोक्ता सचेतना कार्यक्रमलाई थप व्यापकता बनाउनु पर्ने देखिन्छ ।
- सार्वजनिक सुनुवाई एवं प्रगति समीक्षाका साथै सामाजिक परीक्षण कार्यक्रम समेत नियमित संचालन गर्नुपर्ने देखिन्छ ।
- उपमहानगरपालिका क्षेत्रमा खाद्य गुणस्तर कायम गरी उपभोक्ता हित प्रवर्धनका लागि खाद्य प्रयोगशाला स्थापना गरी आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन मिलाउनु पर्ने देखिएको छ ।

- उपमहानगरपालिकाबाट संचालित विभिन्न सीपमूलक, रोजगार एवं स्वरोजगारमूलक तालिम कार्यक्रमहरुलाई थप उपलब्धिमूलक बनाउन एउटै शाखाबाट एकीकृत रुपमा संचालन गर्ने ।
- हालसम्म संचालित सम्पूर्ण तालिम कार्यक्रमहरुको प्रभाव मूल्याङ्कन एवं विश्लेषण गरी प्रतिवेदनको आधारमा अगाडि बढ्नु पर्ने देखिएको छ ।
- तालिम कार्यक्रममा सहभागीबाट एवं लघु उद्यमीहरुबाट उत्पादित सामग्रीको बजारीकरणका लागि पहल गर्नुपर्ने । साथै विक्रीकेन्द्र (कोशेली घर) स्थापना एवं सञ्चालन गर्न इच्छुक संघसंस्थाहरुसँग सहकार्य गर्नुपर्ने देखिन्छ ।
- मासु व्यवसायीहरु, उपभोक्ताहरुको साथ सहयोग लिई बुटवल १० मा निर्माण भएको बधशाला पूर्ण रुपमा संचालनका लागि पहल गर्नुपर्ने देखिन्छ ।

**नगरसभाका अध्यक्षज्यू, सचिवज्यू एवं सदस्यज्यूहरु,**

**"समानता, स्वाभिमान र अवसर - बस्न योग्य बुटवल सहर"** को मुल लक्ष्य प्राप्तीका लागि हामी सबै निरन्तर खटीरहेका छौं । हामी निर्वाचित भएको यस अवधिमा केही राम्रा कामको सुरुवात भएका छन् । कोही भोकै नपरुन्, वेरोजगार वस्न नपरोस्, आश्रयस्थल विहीन रुपमा कोही कसैलाई खुला आकाशमुनि रात काट्न नपरोस भनी सबैलाई यथोचित सम्बोधन हुनेगरी आगामी दिनमा थप राम्रा एवं अनुकरणीय कार्यक्रमहरु सञ्चालन हुनेछन् । यसरी सम्बन्धित सरोकारवाला संघसंस्था, कार्यालय लगायतको निरन्तर प्रयास, स्थलगत अनुगमन, निरीक्षण एवं उपभोक्ता सचेतना कार्यक्रमहरुबाट विगतको तुलनामा बुटवल बजारक्षेत्रमा संचालनमा पेसा, व्यवसाय र सेवा क्षेत्र उपभोक्तामुखी हुदैं गएको छ भने आम उपभोक्तामा समेत सचेतना वृद्धि भएको पाईएको छ । अनुगमनका क्रममा देखिएका कमी कमजोरी सुधारका लागि सबै नगरवासी पेसा व्यवसाय संचालन गर्ने व्यवसायी र सेवा प्रवाह गर्ने क्षेत्रमा सर्बप्रथम आफु पनि एक उपभोक्ता हो भन्ने भावना जागृत हुन सकेमा उपभोक्ता हित प्रवर्धनमा थप सहयोग पुग्ने देखिन्छ । साथै संचालित योजना तथा कार्यक्रमहरु, सेवा प्रवाह क्षेत्र र स्थानीय बजारमा देखिएका सुधार गर्नुपर्ने पक्षहरुलाई उल्लेख गरी आवश्यक सुझाव सहित सम्बन्धित सबैलाई निर्देशन गरिएको छ ।

अन्त्यमा अनुगमन कार्यमा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, सहयोग गर्नुहुने अनुगमन समितिका सदस्यज्यूहरु, जनप्रतिनिधिज्यूहरु, उद्योगी, व्यापारी, व्यवसायी संघ-संस्था, संचारकर्मी, आम उपभोक्ता, सरोकारवाला कार्यालय, कार्यालय प्रशासन, नगरवासी एवं सम्वद्ध कर्मचारीहरु सबैलाई आभार सहित धन्यवाद प्रकट गर्दछु ।

**धन्यवाद ।**

मिति: २०८२ असार २५ गते
सावित्रादेवी अर्याल
उपप्रमुख एवं संयोजक
अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण समिति

**प्रस्ताव नं.१७.५.४**

लेखा समितिको वार्षिक प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।

**निर्णय नं.१७.५.४**

पूर्व निर्धारित कार्यक्रम अनुसार सभाध्यक्षज्यूको अनुमतिले लेखा समितिका संयोजक श्री लाल बहादुर गुरुङ्गले लेखा समितिको आ.व.०८१/०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । प्रतिवेदन प्रस्तुती पश्चात प्रतिवेदन माथि छलफल भई छलफलमा उठेका विषय र प्रतिवेदनले औल्याए बमोजिमका सुझावहरूलाई कार्यान्वयन गर्ने र क्रमश: सुधार गर्दै जाने गरी प्रतिवेदन पारितका लागि. सभाध्यक्षज्यूबाट सभा समक्ष निर्णयार्थ प्रस्तुत भएकोले सभाबाट देहाय बमोजिमको लेखा समितिको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

## लेखा समितिको प्रतिवेदन ।

***यस सम्मानित सभाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, सचिवज्यू एवं नगरसभाका सदस्यज्यूहरु,***

**सघीय गणतात्रिक नेपालको स्थानीय तहको दोस्रो निर्बाचन २०७९ बाट निर्बाचित यस बुटवल उपमहानगरपालिकाको सर्बोच्च संस्था नगरसभाको सत्रौ अधिबेशनको पांचौ बैठकमा लेखासमितिको संयोजकको हैसियतले तपाईहरु माझ उपस्थित भई सम्मानित सभा समक्ष समितिको आठौ वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउदा म आफुलाई गौरवान्वित ठानेको छु ।**

**लेखा समितिको गठन यस प्रकार रहेको ब्यहोरा सभामा जानकारीका लागि निबेदन गर्दछु ।**

संयोजक, श्री .लाल बहादुर गुरुङ  
सदस्य, श्री नकुल शाही ठकुरी  
सदस्य, श्री सन्दिप खनाल  
सदस्य.सचिव श्री शंकर ढकाल

**सभाध्यक्षज्यू,**

**बुटवल उपमहानगरपालिकाको निर्णयबाट सम्पन्न गरिने बिकास निर्माण, अन्य बिषयगत कार्यक्रम र कार्यालय संचालनसंग सम्बन्धित हरेक आर्थिक कृयाकलाप जोडिने बिषय लेखा अतिनै महत्वपूर्ण र सम्बेदनशिल बिषय हो । लेखा समितिको मुख्य जिम्मेवारी नै उपमहानगरपालिकाको आर्थिक कारोबारलाई ब्यबस्थित एवं पारदर्शी बनाउनका लागि कार्यालयलाई आवस्यक सहयोग गर्ने, सुझाव दिने र दिइएका सुझावहरुको पालना भए भएनन् भन्ने कुराको खोजी गरी, बित्तीय अनुशासन कायम गर्न भुमिका खेल्नु हो ।**

**मेरो संयोजकत्वमा गठित लेखा समितिले चालु आ.ब.२०८१/०८२ को बिभिन्न मितिमा बैठक बसी गरिएका बिभिन्न निर्णयहरु मध्ये केही मुख्य निर्णयहरु यसप्रकार रहेको ब्यहोरा सभामा जानकारीको लागि प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**१. बुटवल उपमहानगरपालिकाबाट पारित आ.ब.२०८१।०८२ को बजेट नीति तथा कार्यक्रम बमोजिमका कार्यहरु समयमै सम्पन्न गर्नका लागि आबश्यक सम्पूर्ण प्रक्रियाहरु पहिलो चौमासिक भित्र सम्पन्न गरी, समयमै बजेट कार्यान्वयनमा लैजान नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरिएको ।**

**२. बुटवल उपमहानगरपालिकामा वार्डहरु मार्फत उठाइने कर शुल्क दस्तुरहरुलाई प्रभावकारी रुपबाट अशुलीका लागि सम्पूर्ण वार्डका कर्मचारी र जनप्रतिनिधिज्युहरुलाई कर प्रशासन सम्बन्धी कम्तीमा**

एक दिवसीय तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन, गर्न नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरिएको ।

३. आ.ब.२०८०/०८१ को आ.ले.प. प्रतिवेदनमा औल्याइएका बेरुजु तथा अशुल गर्नुपर्ने रकम तत्काल फछ्यौट तथा असुल गर्न नगरकार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरिएको

४.बुटवल उपमहानगरपालिका क्षेत्रभित्र यस बर्ष आउन सक्ने हुरि बतास बाढी पहिरोबाट हुन सक्ने बिपद् न्यूनीकरणका लागि पूर्ब तयारीका चरणहरु समयमै ब्यबस्थित गर्न नगरकार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरिएको ।

५. बुटवल उपमहानगरपालिकाको बिगत आर्थिक बर्ष २०७७/०७८ देखि २०८०/०८१ सम्मको महालेखा परीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखा परीक्षण प्रतिबेदनमा उल्लेख भएका बेरुजुहरुको सम्बन्धमा लेखासमितिले आबश्यकता अनुसार फिल्ड निरीक्षण समेतका आधारमा स्रेस्ता अध्ययन गरी बेरुजु फर्स्योटका लागि समितिमा दर्जनौ पटक छलफल गरी दफावार निर्णय गरेर सिफारिस गरे बमोजिम बिगत बर्ष देखिको जम्मा बेरुजु रकम रु ५१ करोड १० लाख मध्ये हालसम्म १८ करोड ७४ लाख ५५ हजार बेरुजु फर्छ्यौट भएको कुरा यस सम्मानित सभामा जानकारीका लागि निबेदन गर्न चाहन्छु ।

साथै बाँकी बेरुजु रकम मध्ये करिब २८ करोड बेरुजुलाई लेखासमितिमा पुन: दफावार छलफल गरी थप आबस्यक कागजात जुटाउने एव आबस्यकता अनुसार स्थलगत अवलोकन समेत गरि फस्यौटका लागि सिफारिस गर्ने दफावार निर्णय गरिएको कुरा यस सम्मानित सभामा जानकारीका लागि निबेदन गर्न चाहन्छु ।

सभाध्यक्षज्यू
अब म यस गरिमामय सभा समक्ष लेखा समितिको तर्फवाट आर्थिक पारदर्शिता, मितब्ययिता एवं प्रभावकारिताको लागि निम्नानुसारको सुझाव पेश गर्ने अनुमति चाहन्छु ।

- रकम बिनियोजन गर्दा उत्पादनशिल क्षेत्रलाई प्राथमिकता दिनुपर्ने ।
- नेपाल सरकार,प्रदेश सरकारबाट प्राप्त हुने शशर्त तथा समपुरक अनुदानबाट संचालन हुने आयोजनाहरु समयमै सम्पन्न नहुदा त्यस्तो अनुदान फ्रिज भई आगामी बर्ष आन्तरिक दायित्व बढ्न जाने अबस्थाको अन्त्यका लागि समयमा निर्णय लिन, प्रकिया अबलम्बन गर्न तथा कार्यान्वयनमा संलग्न अधिकारीलाई दण्ड र पुरस्कार दिने गरी नीतिगत ब्यबस्था मिलाउनुपर्ने देखिन्छ ।
- संघ तथा प्रदेश सरकारबाट आर्थिक बर्षको अन्त्यमा प्राप्त हुने अख्तियारी कार्यान्वयनका लागि आउने तर सोही आर्थिक बर्षमा सम्पन्न नहुदा आन्तरिक स्रोतमा थप दायित्व सृजना हुने हुँदा कार्य सम्पन्न भई भुक्तानी हुने अबस्थामा मात्र त्यस्तो कार्यक्रम कार्यान्वयन गरिनु पर्ने ।
- बुटवल उपमहानगरपालिका नगर कार्यपालिकामा कार्यरत कर्मचारी र जनप्रतिनिधिहरुको भ्रमणलाई ब्यबस्थित तथा औचित्यपूर्ण बनाउन,अति आबश्यक भएमा मात्र कर्मचारी र जनप्रतिनिधिहरुलाई काजमा पठाउने ब्यबस्था गरिनुपर्ने ।
- बित्तीय अनुशासन कायम गर्न प्रत्येक महाशाखाले प्रचलित कानूनी ब्यबस्था पालना गर्नुपर्ने देखिन्छ ।
- आगामी दिनमा नतिजा नदिने तर खर्च बढ्ने किसिमका कार्यक्रमहरुलाई निरुत्साहित गर्ने र नतिजामुखी क्रियाकलापलाई जोड दिनुपर्ने देखिन्छ ।

सभाध्यक्षज्यू

सभाको जानकारी र छलफलका लागि आ.ब.२०८०/०८१ को महालेखापरीक्षकबाट प्राप्त लेखा परीक्षण प्रतिबेदन यसैसाथ पेश गरेको छु ।

अन्त्यमा यस गरिमामय सभामा लेखा समितिको प्रतिवेदन पेश गर्न समय उपलब्ध गराउनु भएकोमा सभाका अध्यक्षज्यूलाई बिशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

मितिः २०८२।३।२५

लाल बहादुर गुरुङ
संयोजक,लेखा समिति

**प्रस्ताव नं.१७.५.५**

आचार संहिता अनुगमन समितिको वार्षिक प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।

**निर्णय नं.१७.५.५**

पूर्व निर्धारित कार्यक्रम अनुसार सभाध्यक्षज्यूको अनुमतिले आचार संहिता अनुगमन समितिका संयोजक श्री हरिनारायण मिश्रले आचार संहिता अनुगमन समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । प्रतिवेदन प्रस्तुती पश्चात प्रतिवेदन माथि छलफल भई छलफलमा उठेका विषय र प्रतिवेदनले औल्याए बमोजिमका सुझावहरूलाई कार्यान्वयन गर्ने र क्रमशः सुधार गर्दै जाने गरी प्रतिवेदन पारितका लागि सभाध्यक्षज्यूबाट सभा समक्ष निर्णयार्थ प्रस्तुत भएकोले सभाबाट देहाय बमोजिमको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

## आचार संहिता अनुगमन समितिबाट नगरसभाको १७ औ अधिवेशनमा प्रस्तुत वार्षिक प्रतिबेदन

**नगर सभाका अध्यक्षज्यू ,उपाध्यक्षज्यू, सचिबज्यू, सदस्यज्यूहरु, कर्मचारी मित्रहरु**

यस बुटवल उपमहानगरपालिकाको नगरसभाको १७ औ अधिवेशनको पाचौ बैठकमा आचारसंहिता अनुगमन समितिको आ.ब. ०८१/०८२ को वार्षिक प्रतिबेदन पेश गर्न अनुमति चाहन्छु ।

नेपालको संबिधान २०७२ बमोजिम नागरिकको सहज पहुच एव छिटो छरितो सार्बजनिक सेवा प्रवाहकालागि गठन गरिएका स्थानीय तहहरुले स्थानीयस्तरमा प्रत्यक्ष सरोकार राख्ने बिभिन्न प्रकारका सिफारिस,दीगो जनसहभागितामूलक विकास निर्माणका कार्यहरु,आय आर्जनका लागि आर्थिक गतिबिधि सक्रिय बनाउने आर्थिक बिकास सम्बन्धी कार्यहरु,स्थानीयस्तरमा स्थानीयको माग र आवश्यकतालाई मध्यनजर गरी नीति एव कानून निर्माणका कार्यहरु,सामाजिक सूरक्षाका कार्यहरु गर्नुपर्ने दायित्व

स्थानीय तहहरुको काधमा रहेको छ । नगरकार्यपालिकाको बैठक र नगरसभाका अधिवेशनहरुबाट निर्माण भएका नीति ,ऐन कानूनहरुलाई कार्यान्वयन गर्न र सेवाप्रवाहलाई प्रभावकारी बनाउनकालागि संगठन संरचना अनुसार बिभिन्न महाशाखा/शाखा /ईकाइ र वडाकार्यालयहरुको कार्यबिवरण अनुसार जिम्मेवारी तोकिएको छ ।

यस बुटवल उपमहानगरपालिकाबाट कार्यान्वयनमा ल्याईएको आचारसहिता अनुगमन समितिको क्षेत्राधिकार भित्र कार्यालय, वडाकार्यालय, स्वास्थ्य केन्द्रहरुमा कर्मचारीको उपस्थिति, सेवाप्रवाह, कार्यसम्पादनको अवस्था, कार्यालय समयको परिपालना, लैगिंक बिभेद, सेवाग्राहीप्रतिको व्यवहार, तोकिएको पोशाकको नियमितता, सार्वजनिक सम्पतिको सुरक्षा, मितव्ययिता, जनप्रतिनिधिहरुबाट वडाबासीहरुको कामप्रतिको उत्तरदायित्व,कामको कार्यबिभाजन ,जनप्रतिनिधिबाट आचरणको परिपालन,राजनैतिक आधारमा सेवाप्रवाहमा गरिने भेदभाव ,जनप्रतिनिधि एव कर्मचारीहरु बीचको सम्बन्धका बिषयमा हामीले कानूनले तोकिएको परिधि भित्र रही सक्रिय भई अनुगमनको कार्यलाई निरन्तरता दिईरहेका छौ ।यस आ.ब.मा यस समितिको ५ वटा बैठक बसि बिभिन्न निर्णयहरु गरिएको । बिभिन्न मितिमा कार्यालय,वडाकार्यालय,स्वास्थ्य केन्द्रहरुमा अनुगमन गरिएको ।आगामी दिनमा समेत नया कार्ययोजना र लक्ष्यका साथ अनुगमनलाई निरन्तरता दिईने छ । जसले गर्दा जनप्रतिनिधि एवं कर्मचारीहरुलाई आचारसंहिताको पालानाका लागि प्रेरित गर्नेछ ।

## अनुगमन गरिएको मिति र स्थानहरु :-

मिति २०८१।४।१५ र २५ मा उपमहानगरपालिका कार्यालय भित्र

मिति २०८१।५।३० मा वडाकार्यालयहरु ३, ६ र शहरी स्वास्थ्य केन्द्र ३,४

मिति २०८१।८।१९ मा वडाकार्यालयहरु १४,१५,१६ र आधारभूत स्वास्थ्य केन्द्र १५,१६ तथा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र १२

मिति २०८१।८।२० मा वडाकार्यालयहरु १८,१७,११,३

मिति २०८१।८।२३ मा वडाकार्यालयहरु ९,१३,१२,६ र शहरी स्वास्थ्य केन्द्र ११

मिति २०८१।९।११ मा वडाकार्यालयहरु १४,११,७,८

## अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु :-

१-कतिपय वडाहरुमा अझैसम्म वडासदस्यहरुलाई कार्यबिभाजन गरिएको छैन । वडा सदस्यको परिचय खुल्ने नेमप्लेट वडा कार्यालयहरुमा भएको पाइएन । वडाहरुमा वडा सदस्यहरुलाई कार्य जिम्मेवारी दिने र बस्ने कार्यकक्ष समेत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

२-कतिपय वडाहरुमा जनप्रतिनिधि समयमा उपस्थित नहुदा सेवालिने वडाबासीहरुले सेवा पाउन ढिलाई भएको देखिएकोले वडाध्यक्षहरु वडाबासी सेवाग्राहीका कामप्रति जिम्मेवार हुनुपर्ने देखियो ।

३-कार्यालय भित्रका केही कर्मचारीहरु/ वडाकार्यालयहरु/स्वास्थ्य चौकीहरुमा केही कर्मचारीहरु तोकिएको समयमा कार्यालयमा उपस्थित नभएको र तोकिएको पोशाक नलगाएको देखिएकोले त्यस्ता कर्मचारीहरुको अभिलेख राखी पटक पटक गल्ति दोहोराएमा कर्मचारी आचारसंहिता पालना गराउन नियमानुशार कारवाही गर्नुपर्ने देखिन्छ ।

४-नगरप्रहरी जवानहरुलाई अनुशासित मर्यादित् , कर्तब्यनिष्ट र काम प्रति जिम्मेवार बनाउन क्षमता अभिबृद्धि तालिमको व्यवस्थापन गर्नुपर्ने देखियो ।

५-अनुगमनका क्रममा नगरकार्यपालिकाको कार्यालयमा केही कर्मचारीह्रु खाजा खान तोकिएको समय अगाडि र पछाडि क्यान्टीनमा देखिएको हुदा तोकिएको समयमा मात्रै कर्मचारीहरुलाई खाजाको लागि निस्कने व्यवस्थाका लागि कार्यालयबाट कर्मचारीहरुलाई निर्देशन गनुपर्ने देखिन्छ ।

६-सबै महाशाखा/शाखा /वडाकार्यालय/स्वास्थ्य केन्द्रहरुमा कर्मचारीहरु कामपरि बाहिर निस्कदा लगबुकमा काम जनाई बाहिरिने व्यवस्था मिलाउन कार्यालयबाट लगबुकको बेला बेलामा चेकजाँच गर्नुपर्ने देखिन्छ ।

७-कार्यालयको मुलगेटमा कामपरी बाहिर निस्कदा लेख्न राखिएको पुस्तिकामा केही कर्मचारीले नलेखि निस्कने गरेको पाईएकोले काम परी बाहिर निस्कने कर्मचारीहरुले गेटमा राखिएको पुस्तिकामा काम लेखेर निस्कने व्यवस्था मिलाउन कार्यालयबाट कडाई गर्नुपर्ने देखिन्छ ।

८-तोकिएको पोशाक नलगाउने कर्मचारीहरुको रेकर्ड राखी महिनामा ३ पटक भन्दा बढी तोकिएको पोशाक नलगाएका कर्मचारीहरुलाई कारवाही गरिए कर्मचारी आचरणमा सुधार हुने देखिन्छ ।

भाध्यक्षज्यू, उपाध्यक्षज्यू,सचिबज्यू,सदस्यज्यूहरु

हामीले जिम्मेवारी सम्हालेको ३ बर्षको अवधिमा कार्यालय भवनभित्र,वडाकार्यालय,स्वास्थ्य केन्द्रको अनुगमन गरी दिएका सुझावबाट जनप्रतिनिधि एव कर्मचारीहरुले आचारसंहिता कार्यान्वयनमा सहयोग पुरयाएको अनुभूति गरेका छौ । भएका सुधारहरुको बारेमा हामीले भन्दापनि आम नगरवासीहरुले अनुभुती गरेर थाहा हुने कुरा हो । हामीले गरेको कार्यसम्पादन र पदीय आचरणका बिषयमा आमनगरवासीबाट अदृश्य रुपमा अनुगमन भईरहेकै हून्छ । सीमित साधन र श्रोतका बाबजुद पनि आगामी दिनमा नयाँ कार्ययोजनाका साथ आम नगरवासीहरुको हित हुने गरी अनुगमन कार्यलाई अगाडि बढाईनेछ । कर्मचारीहरुलाई हतोत्साहित नगरी उत्साहित हुने गरी आचारसंहितको पालना गर्नकालागि प्रोत्साहित गरिने छ । कर्मचारीहरुलाई म आफै मेरो आचरणमा सुधार गरी

उपमहानगरपालिकाबाट लिइएको लक्ष्य एवं मार्गदर्शनको सहयोगीको रुपमा काम गर्नेछु भन्ने भावना जागृत गराउन अभिप्रेरित गरिने छ । जनप्रतिनिधिहरुबाट आचारसंहिताको पालनालाई उत्तरदायी गराउन निरन्तर अनुगमनका माध्यमबाट प्रोत्साहित गरिने छ । बुटवल उपमहानगरपालिकाले अगाडि सारेको समानता ,स्वाभिमान र अवसर बस्न योग्य बुटवल सहर भिजनलाई सार्थक बनाउन सबैबाट पूर्ण सहयोगको अपेक्षा यस सम्मानित सभा समक्ष राख्न चाहन्छु । साथै आचारसंहिताको प्रभावकारी कार्यान्वयनमा जनप्रतिनिधि तथा कर्मचारीहरुबाट पूर्ण साथ सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा आचारसंहिता अनुगमन समितिको निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने समितिका सदस्यहरु अरुण कुमार श्रेष्ठ,तारा गहतराज,जनप्रतिनिधि,कर्मचारीहरुलाई धन्यबाद सहित यो बार्षिक प्रतिवेदन यस नगर सभा समक्ष पेश गर्दछु ।

मिति : २०८२ साल असार २५ गते ।

प्रस्तुतकर्ता

हरिनारायण मिश्र

संयोजक

आचार संहिता अनुगमन समिति

बुटवल उपमहानगरपालिका

**प्रस्ताव नं.१७.५.६**

जाँचपास तथा फरफारक सम्बन्धी वार्षिक विवरण सहितको प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।

**निर्णय नं.१७.५.६**

पूर्व निर्धारित कार्यक्रम अनुसार सभाध्यक्षज्यूको अनुमतिले जाँचपास तथा फरफारक समितिका संयोजक श्री हरिप्रसाद श्रेष्ठले आयोजनाहरुको जाँचपास तथा फरफारक सम्बन्धी आ.व. ०८१/०८२ को वार्षिक विवरण सहितको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । प्रतिवेदन प्रस्तुती पश्चात प्रतिवेदन माथि छलफल भई छलफलमा उठेका विषय र प्रतिवेदनले औल्याए बमोजिमका सुझावहरूलाई कार्यान्वयन गर्ने र क्रमश: सुधार गर्दै जाने गरी प्रतिवेदन पारितका लागि सभाध्यक्षज्यूबाट सभा समक्ष निर्णयार्थ प्रस्तुत भएकोले सभाबाट देहाय बमोजिमको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

## जाँचपास तथा फरफारक सम्बन्धी प्रगति प्रतिवेदन

### नगर सभाका सभाध्यक्षज्यू ,उपाध्यक्षज्यू, सचिवज्यू तथा सदस्यज्यूहरु ,

बुटवल उपमहानगरपालिकाको स्वीकृत बार्षिक बजेट, नीति तथा कार्यक्रम अर्न्तगत नगर कार्यपालिकाको कार्यालय र उपभोक्ता समिति, निर्माण व्यवसायी तथा अन्य संघसंस्था वीच योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न तोकिएको कार्ययोजना र अवधि भित्र सम्पन्न गर्ने गरी उपभोक्ता समिति, निर्माण व्यवसायी संग सम्झौता भएका योजनाहरुको कार्य सम्पन्न भएको लिखित जानकारी दिए पश्चात सम्बन्धित प्राविधिक कर्मचारीहरुबाट स्थलगत निरीक्षण गरी योजनाहरुको मूल्याँकन गर्ने र सार्वजनिक परीक्षण पेश गरेको आधारमा सम्पन्न आयोजनाहरुको जाँचपास तथा फरफारक समितिद्धारा अनुगमन गरी फरफारक गरी भुक्तानी प्रकियाका लागि पेश गर्नुपर्ने हुन्छ । यसरी चालु आ.व.का लागि क्रमागत समेतका स्वीकृत योजनाहरुको अनुगमन गरी भुक्तानी प्रकियाका लागि सिफारिस गरिएको र फरफारक गरिएका आयोजनाहरुलाई यस सम्मानित नगरसभाबाट अनुमोदन गर्नुपर्ने व्यवस्था भएको व्यहोरा हार्दिक अनुरोध गर्दछु ।

### आदरणीय सभाध्यक्षज्यू एवम् सदस्यज्यूहरु,

मिति २०७९।०३।०६ मा बसेको नगरकार्यपालिकाको बैठकबाट मेरो संयोजकत्वमा ६ सदस्यीय जाँचपास तथा फरफारक समिति गठन भएको व्यहोरा अनुरोध छ । यस समितिले मिति २०८१।०३।२१ देखि २०८२।०३।२३ गतेसम्म नगरस्तरीय योजनाहरु र नगरकार्यपालिकाको कार्यालयबाट कार्यान्वयन भएका वडास्तरीय योजनाहरु समेत सम्पन्न भएका ९७ वटा योजनाहरुको स्थलगत निरीक्षण, सुपरिवेक्षण गरी ,जाँचपास तथा फरफारक समितिको वैठक बसी योजनाको जाँचपास तथा फरफारकको कार्य सम्बन्धी कार्यविधि, २०७४ मा भएको कानूनी व्यवस्था बमोजिम नगर सभाबाट अनुमोदन गराउने गरी भुक्तानीका लागि नगरकार्यपालिकाको कार्यालयमा सिफारिस गरिएको हुँदा यस सम्मानित नगर सभामा अनुमोदनका लागि पेश गर्दछु ।

बुटवल उपमहानगरपालिकाको मिति २०७९।०५।२९ मा बसेको नगरकार्यपालिकाको वैठकबाट रु. २० लाख भन्दा बढी लागत अनुमान भएका योजनाहरु नगरस्तरीय जाँचपास तथा

फरफारक समितिबाट अनुगमन गरी जाँचपास तथा फरफारक गर्ने र रु. २० लाखसम्म लागत अनुमान भएका योजनाहरुको सम्बन्धित वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई नै जाँचपास तथा फरफारक गर्ने अधिकार प्रत्यायोजन भए बमोजिम वडा कार्यालयबाटै जाँचपास तथा फरफारक हुदै आएको व्यहोरा यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु ।

आदरणीय सभाध्यक्षज्यू,

वडा कार्यालयबाट उभोक्ता समिति मार्फत सञ्चालन भई कार्य सम्पन्न भएका रु. २० लाखसम्म लागत अनुमान भएका नगरस्तरीय तथा वडास्तरीय योजनाहरुको वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई योजनाहरुको जांचपास तथा फरफारक गर्ने अधिकार प्रत्यायोजन भए बमोजिम योजनाहरुको स्थलगत निरीक्षण, सुपरिवेक्षण गरी वडास्तरीय जाँचपास तथा फरफारक समितिको वैठकको निर्णय बमोजिम भुक्तानीका लागि सिफारिस गरिएका सम्बन्धित वडा कार्यालयहरुबाट पेश भई आएका ५८३ वटा योजनाहरुको जांचपास तथा फरफारकको कार्य सम्बन्धी कार्यविधि, २०७४ मा भएको कानूनी व्यवस्था बमोजिम यस सम्मानित नगर सभाबाट अनुमोदन गरिदिनु हुन समेत हार्दिक अनुरोध गर्दछु ।

अब म नगरस्तरीय तथा वडास्तरीय जाँचपास तथा फरफारक समितिबाट भुक्तानी प्रकियाका लागि सिफारिस भएका योजनाहरुको वडागत तथ्याङ्क विवरण पेश गर्ने अनुमति चाहन्छु ।

जाँचपास तथा फरफारकका लागि सिफारिस भएका योजना संख्या र मिति :-

क. **नगरकार्यपालिकाको कार्यालयबाट जाँचपास तथा फरफारकका लागि सिफारिस भएका योजनाको विवरण :**

| क्र. सं. | मिति | वडा नं. | | | | | | | | | | | | | | | | | | | | जम्मा योजना संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | संयुक्त | |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०८१।३।२१ | १ | | १ | | | | | | | | ३ | | | | १ | | | | | २ | ८ |
| २ | ०८१।३।२२ | | | | १ | | | | | १ | | | १ | | | | १ | | | | | ४ |
| ३ | ०८१।३।२३ | | | १ | १ | | | ३ | | १ | | १ | | | | | | | | | २ | ९ |
| | ०८१/६/४ | | | | | | | १ | | | | | १ | | | | | | | | १ | ३ |
| | ०८१/६/२० | | | | | | | २ | | | | | | | | | | | | | १ | ३ |
| | ०८१/८/२० | | | | १ | | | | | १ | | १ | | | | | | | | | | ३ |
| | ०८१/९/१९ | | | | | | | | | १ | | १ | | | | | | | | | | २ |
| | ०८१/९/२४ | | १ | | | | | | | | | | | | | | | | | | | १ |
| | ०८१/१०/८ | १ | | | | | | | | २ | १ | | | | | | | | | | | ४ |
| | ०८१/११/८ | | | | | | | | | | | | | | | | | | | | १ | १ |
| | ०८१/११/१० | | | | | | | | | | | | १ | | | | | | | | १ | २ |
| | ०८१/११/२५ | | | | १ | | | | | | | | | | | | | | | | | १ |
| | ०८१/१२/१२ | | | | | | | १ | | | | | | | | | | | | | | १ |
| | ०८१/१२/२८ | | | | | | | १ | | | | | | १ | | | | | | | | २ |
| | ०८२/१/२२ | | | | १ | १ | | | | | | | | १ | | | | | | १ | | ४ |
| | ०८२/२/४ | | | | | | | | | | | | | | | १ | | | | | १ | २ |
| | ०८२/२/१२ | | | | १ | | १ | | | | | | | | | | | | | | १ | ३ |
| | ०८२/२/१५ | | | | १ | | | | | | | | | २ | | | | | | | | ३ |
| | ०८२/२/२९ | | | | | | १ | | | | | | १ | | | | | | | | | २ |
| | ०८२/३/३ | | | | | | | | | | | | | | | | | | | | १ | १ |
| | ०८२/३/५ | | | | | | | | | १ | | २ | | | | १ | | | | | | ४ |
| | ०८२/३/१० | | | | | | | | | | | | | १ | १ | | | १ | | | | ३ |
| | ०८२/३/११ | | | | १ | | | | | | | १ | | | | | | | | | | २ |
| | ०८२/३/१३ | | | | १ | | | | | | | | १ | | | १ | | १ | | | | ४ |
| | ०८२/३/१६ | | | १ | | | | | | | | | १ | | | | | | | | | २ |
| | ०८२/३/१८ | | | | | | | | २ | | | | | १ | | | | | | | | ३ |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०८२/३/१९ | | | | | | | | | | | २ | | | २ | | | | | | ४ |
| ०८२/३/२० | | | १ | | | | १ | | | | | १ | | | | | | | | ३ | ६ |
| ०८२/३/२२ | | | १ | | | | | १ | | | | १ | १ | | | | | | | | ४ |
| ०८२/३/२३ | १ | | | | | | | | | | २ | १ | | १ | | | | | | १ | ६ |
| जम्मा योजना संख्या | | | | | | | | | | | | | | | | | | | | | १७ |
| | | | | | | | | | | | | | | | | | | | | | |

**ख. वडा कार्यालयहरुबाट जाँचपास तथा फरफारकका लागि सिफारिस भएका योजनाको संख्या विवरण :**

| ...ाहरु | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | जम्मा योजना संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ...बना ...या | १२ | ३१ | ३१ | २४ | ११ | १५ | १० | ७ | १० | १४ | १२१ | ६४ | ६३ | ३६ | ३८ | १३ | ३१ | २० | ३२ | ५८३ |

**बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट संचालन एंव कार्यान्वयन भई सम्पन्न समेत भएका योजनाहरुको जाँचपास तथा फरफारक गर्ने सन्दर्भमा देहाय बमोजिमका सुझावहरु कार्यान्वयन गर्दा थप प्रभावकारी हुने व्यहोरा समेत यस सम्मानित सभामा अनुरोध गर्दछु ।**

१. वडा र नगरस्तरबाट संचालन हुने योजनाहरुको अनुगमन र मूल्यांकन प्रणालीलाई नतिजामूलक बनाउन सो कार्यमा संलग्न पदाधिकारीहरुलाई नतिजामूलक अनुगमन तथा मूल्यांकन सम्बन्धी अभिमुखिकरण गरी क्षमता विकास गर्न आवश्यक देखिन्छ ।

२. ठूला मेशीन तथा उपकरणहरु प्रयोग हुने र जटील प्रकृतिका निर्माण कार्यहरु ठेक्का बन्दोवस्तीवाट नै कार्यान्वयन गर्न उपयुक्त हुने देखिन्छ ।

३. योजना कार्यान्वयन प्रकियालाई सहज बनाउन योजना संचालन पूर्व सबै उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यकम गर्नु पर्ने देखिन्छ ।

४. बुटवल उपमहानगरपालिकामा कार्यान्वयन हुने योजनाहरुको गुणस्तरीयता कायम गरी समयमा नै सम्पन्न गर्न निर्माणमा प्रयोग हुने रोलर,ग्रेडर, जेसिभि जस्ता अति आवश्यक उपकरणहरु खरिद गरी परिचालन गर्दा थप प्रभावकारी हुने देखिन्छ ।

५. योजनाको दीगोपन र गुणस्तरीयता कायम गर्न, कार्यान्वयन प्रकियामा सहजता र प्रभावकारी वनाउन नगरकार्यपालिकाको कार्यालयमा हाल संचालनमा रहेको पूर्वाधार प्रयोगशाला अत्यन्तै साँघुरो भएको हुँदा सुविधा सम्पन्न पूर्वाधारको निर्माण गरी विटुमिन लगायतका निर्माण सामग्रीहरुको समेत ल्याव परीक्षण हुने गरी प्रयोगशालाको क्षमता बृद्धि गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

६. संघ र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त अनुदान तथा कार्यकमहरुको समयमा नै अख्तियारी प्राप्त हुने व्यवस्था गर्न सुझाव दिने वातावरण मिलाउन, स्वीकृत वार्षिक बजेट तथा कार्यकम अन्तर्गत अवण्डामा रहेका बजेट तथा कार्यकमको समयमा नै योजना तथा कार्यकमको यकिन गरी कार्यान्वयनको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

७. वार्षिक कार्ययोजना तथा कार्यतालिका बमोजिम समयमा नै योजना सम्पन्न गर्न उपयुक्त देखिन्छ । यसबाट आगामी आ.व. मा आर्थिक दायित्व समेत कम हुनेछ ।

८. बुटवल उपमहानगरपालिका क्षेत्रमा निर्माण गरिने संरचनाहरु समय सापेक्ष आधुनिक तथा प्रविधिमैत्री बनाउन उपर्युक्त हुने देखिन्छ ।

९. विभिन्न मितिमा स्थलगत अनुगमन तथा निरीक्षण गर्दा योजना कार्यान्वयनको चरणमा भएका कमी कमजोरीहरुलाई सुधार गरी आएपछि मात्र फरफारक गर्ने गरिएको व्यहोरा समेत यस सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

१०. बुटवल उपमहानगरपालिका भित्रका सडकहरुमा निर्माण गरिने फुटपाथमा अपाङ्गतामैत्री तथा दृष्टिविहीनमैत्री फुटपाथ निर्माण गर्दा प्रभावकारी हुने देखिन्छ ।

११ बुटवल उपमहानगरपालिका भित्र विभिन्न खानेपानी पाईपलाईन मर्मत सम्भारका लागि सडक खन्दा तथा विभिन्न कारणले खाल्डा खुल्डी पर्ने र उक्त खाल्डाखुल्डी तत्काल मर्मत नगर्दा सडक भत्किदै जाने र झन झन ठूलो खाडलहरु पर्ने दुर्घटना समेत हुने भएकाले उक्त खाल्डाखुल्डीहरुलाई तत्काल मर्मत सम्भारका लागि आवश्यक पूर्वाधार एम्वुलेन्सको व्यवस्था गरी कार्यान्वयनमा ल्याउँदा प्रभावकारी हुने देखिन्छ ।

अन्त्यमा,

अनुगमन कार्यमा मार्ग दर्शन तथा सहयोग गर्नुहुने आदरणीय नगरप्रमुखज्यू, उपप्रमुखज्यू, प्रमुख प्रशाकीसय अधिकृतज्यू, जाँचपास तथा फरफारक समितिका सदस्यज्यूहरु ,सम्पूर्ण जनप्रतिनिधिज्युहरु र कर्मचारीहरु सबैमा आभार व्यक्त गर्दै धन्यवाद प्रकट गर्दछु ।

**धन्यवाद !**

**हरि प्रसाद श्रेष्ठ**

**संयोजक**

**मिति २०८२।०३।२५** **जाँचपास तथा फरफारक समिति**

**बुटवल उपमहानगरपालिका**

**प्रस्ताव नं.१७.५.७**

विधायन समितिको वार्षिक प्रतिवेदन प्रस्तुत सम्वन्धमा ।

**निर्णय नं.१७.५.७**

पूर्व निर्धारित कार्यक्रम अनुसार सभाध्यक्षज्यूको अनुमतिले विधायन समितिका संयोजकको तर्फबाट सोही समितिका सदस्य श्री हरिहर ज्ञवालीले विधायन समितिको आ.व. ०८१/०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । प्रतिवेदन प्रस्तुती पश्चात प्रतिवेदन माथि छलफल भई छलफलमा उठेका विषय र प्रतिवेदनले औल्याए बमोजिमका सुझावहरूलाई कार्यान्वयन गर्ने र क्रमशः

सुधार गर्दै जाने गरी प्रतिवेदन पारितका लागि सभाध्यक्षज्यूबाट सभा समक्ष निर्णयार्थ प्रस्तुत भएकोले सभाबाट देहाय बमोजिमको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

## विधायन समितिको आ.व. २०८१/०८२ को बार्षिक प्रतिवेदन

**नगरसभाका अध्यक्षज्यू,**
**नगरसभाका उपाध्यक्षज्यू,**
**नगरसभाका सचिवज्यू,**
**नगरसभाका सदस्यज्यूहरु,**
**बैठकलाई व्यवस्थित बनाउन खटिनु भएका राष्ट्रसेवक कर्मचारी मित्रहरु,**
**पत्रकार एवम सञ्चारकर्मी मित्रहरु ।**

यस गरिमामय नगरसभा समक्ष बिधायन समितिको संयोजकको तर्फबाट विधायन समितिको सदस्यको हैसियतले चालु आ.ब. २०८१/०८२ को हाल सम्मको बार्षिक प्रतिवेदन पेश गर्ने अनुमति चाहान्छु ।

यस अवधिमा विधायन समितिमा रहेर बुटवल उपमहानगरपालिकाको लागि आवश्यक विविध विधेयकको तर्जुमा एवं संसोधन प्रस्ताव माथि दफावार छलफल गरी परिमार्जन सहितको सुझाव पेश भए बमोजिम नै नगरकार्यपालिका तथा नगरसभाबाट आवश्यक कानून निर्माण एवं संशोधन भएको व्यहोरा अनुरोध छ । यसरी आ.व. ०८१।०८२ मा नगरसभाद्वारा गठित विधायन समिति र नगरकार्यपालिकाद्वारा गठित विधेयक समितिको संयुक्त बैठकमा दफावार छलफल गरी प्राप्त निष्कर्षको आधारमा बुटवल उपमहानगरपालिका नगरकार्यपालिकामा सिफारिस गरिएका कानूनहरु निम्न बमोजिम रहेका छन् ।

(१) बुटवल उपमहानगरपालिकाको नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम सञ्चालन विधेयक, २०८१

(२) बुटवल उपमहानगरपालिकाको मेयर यूवा रोजगार प्रवर्धन कार्यक्रम ( सञ्चालन तथा व्यवस्थापन ) विधेयक, २०८१

(३) बुटवल उपमहानगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी विधेयक, २०८१

(४) बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोतलाई व्यवस्थापन गर्न बनेको विधेयक,२०८१

(५) बुटवल उपमहानगरपालिकाको भाषा, सस्कृति र ललितकला, सम्बन्धी विधेयक, २०८२

(६) बुटवल उपमहानगरपालिकाको स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी विधेयक, २०८२

(७) बुटवल उपमहानगरपालिकाको गृहिणी महिला स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ पहिलो संशोधन २०८१

(८) बुटवल उपमहानगरपालिकाको आर्थिक ऐन, २०८१ पहिलो संशोधन २०८१

(९) छाडा पशुचौपाया व्यवस्थापन र नियन्त्रण (गौशाला सञ्चालन ) ऐन, २०८० दोस्रो संशोधन २०८१

(१०) बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोतलाई व्यवस्थापन सम्बन्धी ऐन, २०८१ पहिलो संशोधन २०८२

आ.व. ०८१।०८२ मा विधायन समितिबाट विभिन्न समयमा बैठक वसी छलफल एवं परामर्श गरी ६ वटा नयाँ कानून निर्माणका लागि र ४ वटा कानून माथि आवश्यक परिमार्जनका लागि संशोधन प्रस्ताव सहित नगरकार्यपालिकामा सिफारिस गरिएको थियो ।

अन्त्यमा समितिमा रही सक्रियता पूर्वक भाग लिने समितिका सबै सदस्य, आमन्त्रित विज्ञ लगायत सहयोगी सबै कर्मचारीहरु प्रति धन्यवाद व्यक्त गर्दछु ।

| | | |
|---|---|---|
| **अदिल अहमद**<br>**सदस्य**<br>**विधायन समिति** | **हरिहर ज्ञवाली**<br>**सदस्य**<br>**विधायन समिति**<br>**(प्रस्तुतकर्ता )** | **लक्ष्मी थारु**<br>**संयोजक**<br>**विधायन समिति** |

**प्रस्ताव नं.१७.५.८**

सुशासन समितिको वार्षिक प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।

**निर्णय नं.१७.५.८**

पूर्व निर्धारित कार्यक्रम अनुसार सभाध्यक्षज्यूको अनुमतिले सुशासन समितिका संयोजकको तर्फबाट सोही समितिका सदस्य श्री रमेश प्रसाद अधिकारीले सुशासन समितिको आ.व. ०८१/०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । प्रतिवेदन प्रस्तुती पश्चात प्रतिवेदन माथि छलफल भई छलफलमा उठेका विषय र प्रतिवेदनले औल्याए बमोजिमका सुझावहरूलाई कार्यान्वयन गर्ने र क्रमश: सुधार गर्दै जाने गरी प्रतिवेदन पारितका लागि सभाध्यक्षज्यूबाट सभा समक्ष निर्णयार्थ प्रस्तुत भएकोले सभाबाट देहाय बमोजिमको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

## नगरसभाको १७ औ अधिवेशनमा सुशासन समितिबाट प्रस्तुत वार्षिक प्रतिबेदन

नगरसभाका अध्यक्षज्यू ,उपाध्यक्षज्यू, सचिवज्यू,सदस्यज्यूहरु सभालाई व्यवस्थित रुपमा संचालन गर्नका लागि सचिवालय तर्फ खटिएका कर्मचारीमित्रहरु ।

यंस बुटवल उपमहानगरपालिकाको नगरसभाको सत्रौ अधिवेशनको पाचौ बैठकमा सुशासन समितिको आ.ब. ०८१/०८२ को वार्षिक प्रतिबेदन पेश गर्न अनुमति चाहन्छु ।

नेपालको संबिधान २०७२ मा भएका कानूनी व्यवस्थाबाट देश एकात्मक स्वरुपबाट संघात्मक राज्य स्वरुपमा प्रवेश गरेको हो । संबिधान अनुसार नेपाल राज्यमा १ संघीय सरकार ७ प्रदेश सरकार र ७५३ स्थानीय सरकार रहने व्यवस्था गरिएको छ ।तीन तहका यी सरकारबाट नेपालको शासन संचालन गरिएको छ । एकात्मक व्यवस्थाबाट देश संघात्मक व्यवस्थामा रुपान्तरण भएपछि आम नागरिकले प्राप्त गर्ने सेवा सुबिधा छिटो छरितो हुन्छ भन्ने आम नागरिकमा आशा भरोशा रहेको छ । त्यस्तैगरी पारदर्शी, जवाफदेही,समावेशी र भ्रष्टाचारमुक्त शासन हुने विस्वास आम जनमानसमा जागृत भएको छ । नेपालको संबिधान २०७२ अनुसार स्थानीय सरकारको रुपमा कार्यान्वयनमा आएको स्थानीयतह बुटवल उपमहानगरपालिकाबाट पनि आम नगरवासीहरुको चाहनालाई आत्मसात् गर्दे यस बुटवल उपमहानगरपालिकाको सार्वजनिक सेवा प्रवाह र सार्वजनिक प्रशासनलाई चुस्त दुरुस्त, पारदर्शी, जवाफदेही, भ्रष्टाचारमुक्त स्थानीय तह, झन्झट रहित आम नगरवासीको घरदैलोमा सेवा पुर्‍याउनका लागि यस सम्मानित नगरसभाबाट मेरो संयोजकत्वमा रमेश अधिकारी,विष्णु गैरे सापकोटा सदस्य रहने गरी सुशासन समिति गठन भै कार्यान्वयनमा रहेको छ । देहाय बमोजिमको सुशासनको अवधारणालाई आत्मसात् गर्दे यस समिति क्रियाशिल रहेको छ ।

-जनसहभागिता ,

-बिधिको शासन,

-पारदर्शिता,

-जवाफदेहिता ,

-सहमति,

-समावेशिता र समता ,

-उत्तरदायित्व ।

बुटवल उपमहानगरपालिकाका बिभिन्न महाशाखा/शाखा/वडा कार्यालयहरुबाट स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन, यातायात, पर्यटन, सामाजिक परिचालन र आर्थिक क्षेत्रमा भए गरेका कामका विषयमा अनुगमन गर्ने यस समितिको कार्यक्षेत्र बमोजिम हामीले बिभिन्न मितिमा बैठक बसि निर्णय कार्यान्वयनका लागि बुटवल उपमहानगरपालिकामा सुझाव दिएका छौ ।साथै अन्य पालिकाका असल अभ्यास एव सुशासन प्रर्वद्वनमा भए गरेका कार्यहरुको अध्ययनका लागि समितिका पदाधिकारी, कर्मचारी र अन्य समितिका पदाधिकारीहरु सहितको बिभिन्न स्थानीय तहहरुको अध्ययन अवलोकन गरी अनुभव आदान प्रदानगर्ने कार्य पनि गरिएको छ । सेवाग्राहीको चापहुने शाखाहरुमा अनुगमन गरी सेवाग्राहीहरुलाई सेवा लिदा सरल र सहज किसिमको व्यवस्था मिलाउन समेत उपमहानगरपालिकामा अनुरोध गरिएको छ । उपमहानगरपालिकाको सूचना सम्प्रेषणका लागि प्रवक्ता, सूचना अधिकारी तोकिएको छ भने आम नगरवासीको गुनासो सुन्न गुनासो सुन्ने अधिकारी तोकिएको छ ।

उपमहानगरपालिकाको मुल ढोकामा अगाडि हेल्प डेक्समा जनशक्ति ब्यवस्था गरी गुनासा सुझाव राख्नकालागि पुस्तिका राख्ने ब्यवस्था मिलाईएको छ । प्राप्त गुनासाहरुलाई प्राथमिकताका आधारमा कार्यान्वयनमा ल्याईएको छ ।चौमासिक रुपमा नागरिकका पीर मर्का समस्याहरुका बारेमा सुझाव लिनका लागि सार्वजनिक सुनुवाई कहिले कार्यालय परिसर भित्र र कहिले वडाकार्यालयमै समेत गर्ने गरिएको । वडावासीका सेवा प्रवाहलाई छिटो छरितो ,पारदर्शी बनाउन बिधुतीय भुक्तानी प्रणाली लागु गरिएको छ। उपमहानगरपालिकाभित्र नेपाली भाषाका अलवा अन्य तीन थारु,मगर र नेवारी भाषामा नागरिक वडापत्र राखिएको छ । वडा कार्यालयहरुबाट सम्पादन हुने सेवाका लागि वडाकार्यालयहरुमा पनि ४ भाषामा नागरिक वडापत्र राख्ने गरी तयारी भएको छ । कर्मचारीलाई अनुशासित र सेवाप्रति जिम्मेवार बनाई कार्यालयमा तोकिएको समयमै उपस्थित गराउन ई -हाजिरी प्रणाली संचालन गरिएको छ ।सुत्र प्रणाली वडातहमा समेत बिस्तार गरी कार्यप्रणालीलाई थप ब्यवस्थित गर्न लागिएको छ ।

सभाध्यक्षज्यू, उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यूहरु हामीले उपमहानगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी,सहज र झन्झटरहित बनाउन देहायको मितिमा बैठक बसि देहायको निर्णय गरी उपमहानगरपालिकामा सुझाव पेश गरिएको छ ।

मिति २०८१।६।३० मा बसेको बैठकबाट उपमहानगरपालिकामा जनशक्ति ब्यवस्थापन अति आवश्यक भएकोले सेवा प्रवाह ब्यवस्थित गर्नका लागि दैनिक ज्यालादारीमा भए पनि जनशक्ति ब्यवस्थापन गर्नका लागि उपमहानगरपालिकामा अनुरोध गर्ने निर्णय ।

मिति २०८१।८।१७ मा बसेको बैठकबाट उपमहानगरपालिकाका वडा कार्यालयहरुमा सबैले देख्ने ठाउमा नागरिक वडापत्र राख्ने सम्बन्धी निर्णय र सेवाग्राहीको सहजताकालागि बिभिन्न ढाँचाका निबेदन फाराम निशुल्क उपलब्ध गराउने सम्बन्धी निर्णय ।

मिति २०८१।९।१५ मा बसेको बैठकबाट करारमा कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धी बिधेयक २०८१, मेयर युवा रोजगार प्रवर्धन कार्यक्रम संचालन बिधेयक २०८१,नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम संचालन बिधेयक २०८१ प्रस्तावित बिधेयक माथि छलफल गरिएको छ ।

सुझावहरु

१-कार्यालयमा सहायकस्तर कर्मचारीहरुको कमी भै कार्यसम्पादनमा समेत असर परेको हुदा कर्मचारी ब्यवस्थापनका लागि पहल गर्नुपर्ने देखिन्छ ।

२-जनप्रतिनिधि लक्षित तालिमको ब्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

३-कतिपय शाखाको कार्यसम्पादन चुस्त नदेखिएको,कार्यसम्पादनमा ढिलाई भएको पाईएकोले कार्यालयबाट चुस्त र छिटो छरितो सेवा प्रवाहको ब्यवस्थापन मिलाउनु पर्ने देखिन्छ ।

४- कतिपय वडा कार्यालयहरुमा जनशक्ति,फर्निचर सामानहरुको व्यवस्थापन र सेवाग्राहीहरुलाई सेवालिन आउदा बस्ने स्थानको व्यवस्थापन गर्नु पर्ने देखिन्छ । वडा कार्यालयका र उपमहानगरपालिकाबाट प्राप्त हुने सूचनाहरु वडाको सूचना पाटीमा अनिवार्य राख्नुपर्ने गरी व्यवस्थापन मिलाउनु पर्ने ।

५- उपमहानगरबाट भए गरेका महत्वपूर्ण कार्य एव निर्णय आम नगरवासी समक्ष सम्प्रेषण गर्नुपर्ने देखिन्छ ।

सभाध्यक्षज्यू ,उपाध्यक्षज्यू ,सचिवज्यू,सदस्यज्यूहरु हामीले यस बर्ष अनुगमनको कार्यलाई सक्रियताका साथ गर्न नसकिए तापनि आगामी आ.ब.मा कार्यालय,वडाकार्यालय र आफ्नो क्षेत्राधिकार भित्रका क्षेत्रमा कार्ययोजना बनाई अनुगमनको कार्यलाई निरन्तरता दिइनेछ । जसले गर्दा जनप्रतिनिधि र कर्मचारीहरुबाट प्रदान गरिएका सेवाको स्तरमापनका लागि अन्तरसम्बाद,सेवाग्राही सन्तुष्टी सर्वेक्षण जस्ताकार्य गर्न सके सेवामा थप प्रभावकारिता र गुणस्तरीयता आउने हुदा त्यसकोलागि सबैको सहयोगको अपेक्षा राखिएको छ ।

सभाध्यक्षज्यू ,उपाध्यक्षज्यू ,सचिवज्यू, सदस्यज्यूहरु उपमहानगरवासीहरुलाई सुशासनको अनुभुति हुने कार्यकालागि उपमहानगरपालिकाको प्रशासनिक, बित्तीय, योजना, सामाजिक समाबेशीकरण, शिक्षा,स्वास्थ्य,कृषि,बन,सहकारी सम्बन्धी काममा बिधि र कानूनले तोकिएको कार्य जनसहभागिता, जवाफदेहिता र समानताका सिद्धान्तलाई शिरोधार्य गरी अगाडि बढाउन उत्प्रेरित गरिने छ ।

यस सम्मानित सभामा उपस्थित सदस्यज्यूहरु कर्मचारी मित्रहरु उपमहानगरपालिकाको सुशासन कार्यान्ययनमा यहाँहरुको अहम भूमिका रहने हुदा यसको कार्यान्वयनमा सहयोग पुरयाउन अनुरोध गर्दै यहाँहरुबाट हालसम्म भएका साथ सहयोगप्रति समितिका पदाधिकारीहरु सम्पूर्ण जनप्रतिनिधिज्यूहरु,कर्मचारीहरुलाई धन्यबाद दिदै यो बार्षिक प्रतिबेदन सभासमक्ष पेश गरेको छु ।

**मिति : २०८२ साल असार २५ गते ।**

**प्रस्तुतकर्ता**

**गंगादत्त पौडेल**

**संयोजक**

**सुशासन समिति**

**बुटवल उपमहानगरपालिका**

भई भुक्तानी गर्न समस्या परेको हुँदा त्यस्ता शीर्षकहरुको भुक्तानी गर्दा बजेट शीर्षक फरक पारी भएको सम्पूर्ण भुक्तानीलाई अनुमोदन गरी समर्थन गर्ने निर्णय गरियो ।

**उपाध्यक्षज्यू एवं नगरसभाका सदस्यज्यूहरु**

हामीहरुले २०८२/०३/०५ मा बुटवल उपमहानगरपालिकाको नगरसभाको १७ औं अधिवेशन प्रारम्भ गरी अहिलेसम्म ५ पाँच वटा बैठकहरु सम्पन्न गरेका छौं । यस बैठक समेतबाट वार्षिक नीति, आर्थिक विधेयक, विनियोजन विधेयक, भाषा, साहित्य र ललितकला सम्वन्धी विधेयक, प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी ऐन माथि संशोधन, स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्वन्धी विधेयक र अन्य समसामयिक विभिन्न निर्णयहरु र अनुमोदन गर्नुपर्ने विभिन्न निर्णयहरु समेत पारित गरिसकेका छौं । प्रारम्भ देखि अहिलेसम्मका बैठकहरु अत्यन्त मर्यादित, सभ्य, ऐतिहासिक र देशभरिकै लागि नमूना हुने गरी सर्वसम्मत रुपमा पारित गरी सहयोग पुर्‍याउनु भएकोमा सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आजको यो विश्वासलाई मैले म माथि अरु ठूलो भारी थपिएको महशुस गरेको छु । तपाई हामीहरु सबैको जिम्मेवारी समान छन । हामीले हिजो निर्वाचन हुँदाको क्षणलाई पनि स्मरण गर्नुपर्ने हुन्छ । म प्रतिपनि यहाँहरुका केही गुनासाहरु छन भने भन्नुहोला मैले अन्यथा लिने छैन । तपाई हामी सबै मिलेर नै बुटवललाई विशेष शहर वनाउने अठोटका साथ पुन: सबैलाई हार्दिक धन्यवाद दिदैं बुटवल उपमहानगरपालिकाको नगरसभाको १७ औं अधिवेशन यहि समाप्त भएको जानकारी गराउछु ।

२०८२/०३/२५

प्रस्ताव नं. १७.५.९

विभिन्न निर्णयहरु स्वीकृत एवं भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं.१७.५.९.१**

**बेरुजु फर्छ्यौट सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.१**

सुशासन कायम गर्नका लागि बुटवल उपमहानगरपालिकाको हालको मौजुदा वेरुजुलाई कडाइका साथ फछ्यौट गरिने छ । सो का लागि लेखा समितिलाई सकिय बनाई समयमै फर्छ्यौट नगर्ने व्यक्ति एवं संस्थाहरुलाई अन्य कुनै पनि बजेट र सहयोग उपलब्ध नगराउने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.५.९.२**

**अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.२**

उपमहानगरपालिकाले आय ठेक्का वा अन्य व्यवस्थापनका लागि बहाल सम्झौता गरेका आर्थिक ऐनले सम्वोधन नगरेका सम्पत्ति बहालका सम्बन्धमा आवश्यक निर्णय गरी व्यवस्थापन गर्न नगरकार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.५.९.३**

**स्टीमर संचालन गरी आरती केन्द्र क्षेत्रको रुपमा विकास गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.३**

तिनाउँ नदीमा तटवन्ध गरी ड्याम निर्माण गरेर हिउँदमा पानीको संकलन गरी स्टिमर संचालन गर्ने र साँझमा आरती गर्ने गरी तिनाउँ आरती केन्द्र क्षेत्रको रुपमा विकास एवं विस्तार गरी पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउने गरी पूर्वाधारका कार्यहरु निर्माणमा आवश्यक सहयोग हुन सङ्घीय सरकार र प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.५.९.४**

**पहिरो व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.४**

बुटवल-३ स्थित ज्योतिनगर पहिरोको दीर्घकालीन व्यवस्थापनका लागि आवश्यक सहयोग हुन संघीय सरकार तथा प्रदेश सरकारका सम्वन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.५.९.५**

**पार्क एवं स्टेडियम निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.५**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका पार्क एवं स्टेडियम निर्माणमा आवश्यक सहयोग हुन संघीय सरकार र प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.६**

**झुम्सा खानेपानी आयोजना सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.६**

झुम्सा खानेपानी आयोजनालाई पूर्णता दिने गरी आवश्यक सहयोगका लागि संघीय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.७**

**खानेपानी शुद्धिकरण सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.७**

चिडियाखोलाबाट आपूर्ति हुँदै आएको खानेपानीलाई शुद्धिकरण गरी पानी वितरण गर्न आवश्यक फिल्टरको व्यवस्थाका लागि संघीय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.८**

**पुरातात्विक एवं ऐतिहासिक क्षेत्रको संरक्षण सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.८**

बुटवल-१ स्थित पुरातात्विक एवं ऐतिहासिक क्षेत्रको निर्माण एवं व्यवस्थापनका लागि आवश्यक सहयोग हुन संघीय सरकारका सम्वन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.९**

**जितगढी किल्लाको व्यवस्थापनका लागि सहयोग हुन ।**

**निर्णय नं. १७.५.९.९**

बुटवल-१ स्थित जितगढी किल्लाको बिशेष व्यवस्थापनका लागि आवश्यक सहयोग हुन संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.१०**

**सेनवंशीय दरवारको संरक्षणमा सहयोग हुन ।**

**निर्णय नं. १७.५.९.१०**

बुटवल-२ स्थित फुलवारीमा रहेको सेनवंशीय दरवारको संरक्षण गरी पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउनका लागि आवश्यक सहयोग हुन पुरातात्विक विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.११**

**सडक निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.११**

बुटवल उपमहानगरपालिका अर्न्तगतका वडा नं.४, ६,७ र ८ हुदै बग्ने सुखौरा खोला माथि सडक निर्माण गर्नका लागि संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.१२**

**आधुनिक खालको नगरस्तरीय अस्पताल निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.१२**

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र एक आधुनिक खालको नगरस्तरीय अस्पताल निर्माणका लागि आवश्यक सहयोग हुन सङ्घीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.१३**

**फोहोर व्यवस्थापन केन्द्र स्थापना सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.१३**

उपयुक्त स्थानमा फोहोर व्यवस्थापन केन्द्रको स्थापनाका लागि सङ्घीय सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्था, दातृनिकायहरु एवं व्यक्तिहरुसंग समन्वय गरी आवश्यक कार्य प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.१४**

**आयोजना कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.१४**

ADB मार्फत संचालन एवं कार्यान्वयन हुने आयोजनाहरुलाई यथाशिघ्र संचालन एवं कार्यान्वयनमा ल्याउनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.१५**

**बहुतले पार्किङ्ग भवन निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.१५**

बुटवल उपमहानगरपालिका वडा नं.९ स्थित लुम्बिनी बस टर्मिनल परिसरमा पार्किङ्ग व्यवस्थापनका लागि नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा भौतिक सुविधा सहितको आधुनिक वहुतले पार्किङ्ग भवन निर्माण प्रकिया अगाडि बढाउनका लागि नगरकार्यपालिकालाई अधिकार सहित यो बैठक निर्देशन गर्दछ ।

**प्रस्ताव नं. १७.५.९.१६**

**मापदण्ड विपरीत निर्माण गरिएका घर टहरा हटाउने सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.१६**

प्रचलित कानून विपरीत निर्माण गरिएका भवन संरचनाहरुको हकमा सम्बन्धित धनीहरुलाई सू-सूचित गराई क्रमशः हटाउदै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.१७**

**कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.१७**

नीति तथा कार्यक्रममा समावेश भएका विषयहरुलाई आवश्यक बजेटको व्यवस्था गरी क्रमशः कार्यान्वयन गर्दै जाने र बजेट नीतिमा भएका कार्यक्रमलाई स्रोतको सुनिश्चितता भएमा नगरकार्यपालिकाबाट आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.१८**

**खरिद कार्यलाई व्यवस्थित गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.१८**

खरिद कार्यलाई व्यवस्थित गर्नका लागि एकद्वार प्रणाली (जिन्सी शाखाबाट) मार्फत प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १७.५.९.१९

**चारमुखे आकांशेपुल निर्माण सम्बन्धमा ।**

निर्णय नं. १७.५.९.१९

बुटवलको राजमार्ग चौराह र अस्पताल चोकमा चार मुखे आकाशे पुल निर्माणका लागि संघीय सरकारका आवश्यक निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.२०**

**ओभरहेड व्रिज निर्माण सम्बन्धमा ।**

निर्णय नं. १७.५.९.२०

बुटवलको बसपार्क देखि ईलाका प्रशासन कार्यालयतर्फ तथा बसपार्क देखि लुम्बिनी प्रादेशिक अस्पताल साथै रक्तसंचार केन्द्र रहेको हालको खाली जग्गासम्म ओभरहेड ब्रीज निर्माण गर्न संघीय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.२१**

**बसपार्क निर्माण सम्बन्धमा**

निर्णय नं. १७.५.९.२१

बुटवल उपमहानगरपालिका अर्न्तगतको वडा नं.७ र ८ मा नयाँ बसपार्क निर्माणकालागि सरोकारवाला निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.२२**

**अनुरोध गर्ने सम्बन्धमा ।**

निर्णय नं. १७.५.९.२२

फोहोर प्रशोधन केन्द्र, पुन:प्रयोग योग्य (कवाड) क्षेत्र र मिडिया सिटी निर्माणका लागि सम्बन्धित निकायहरुमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.२३**

**औधोगिक क्षेत्र र कृषि व्यावसायिक केन्द्र निर्माणका लागि पहल गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.२३**

मोतीपुरमा औधोगिक क्षेत्र निर्माण र सेमलारमा कृषि व्यावसायिक केन्द्र निर्माणका लागि सम्बन्धित निकायहरुमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.२४**

**करको दायरामा ल्याउने सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.२४**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र विभिन्न व्यावसायिक संघसंस्था एवं मठमन्दिर चर्चहरुले सामुदायिक भवन एवं संरचनाहरु निर्माण गरी बहालमा लगाउने प्रचलन बढेको हुँदा त्यसरी बहालमा लगाइएका व्यावसायिक भवन एवं संरचनाहरुलाई करको दायरामा ल्याउने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.२५**

**गौशाला व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.२५**

बुटवल उपमहानगरपालिकाबाट स्थापित बुटवल-९ स्थित शिवनगरमा रहेको बुटवल-खस्यौली नन्दिनी गौशालालाई प्राथमिकताका साथ विशेष थप इकाईको रुपमा राखी संचालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.२६**

**SUTRA राजश्व module कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.२६**

यस बुटवल उपमहानगरपालिकाले पनि SUTRA राजश्व module पूर्ण रुपमा कार्यान्वयन गर्ने गरी आवश्यक प्रकिया अगाडि बढाउनका लागि नगरकार्यपालिका मार्फत नगरकार्यपालिकाको कार्यालयलाई यो बैठक निर्देशन गर्दछ ।

**प्रस्ताव नं. १७.५.९.२७**

**संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.२७**

स्थानीय निजामती सेवा ऐन, र स्थानीय निजामती सेवा नियमावली बमोजिम बुटवल उपमहानगरपालिकाको संगठन संरचना र नगरकार्यपालिकाको कार्यालय र अर्न्तगतका वडा कार्यालयहरु एवं शहरी स्वास्थ्य केन्द्रहरु समेतका लागि चुस्त आवश्यक जनशक्ति व्यवस्थापन गर्ने गरी संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण (o and m) गरी प्रतिवेदन स्वीकृत गर्नका लागि नगरकार्यपालिकालाई यो बैठक अधिकार प्रत्यायोजन गर्दछ ।

**प्रस्ताव नं. १७.५.९.२८**

**स्रोतको सुनिश्चितता भएका मात्र योजना कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.२९**

सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने शशर्त आयोजनाहरुको हकमा सोही निकायबाट स्रोतको सुनिश्चितता सहित सम्पन्न हुने अवस्था भए मात्र कार्यान्वयन प्रकिया अगाडि बढाउने र अधुरो रहने गरी उल्लेखित प्रकृतिका आयोजनाहरुको कार्यान्वयन प्रकिया अगाडि नबढाउनका लागि नगरकार्यपालिका मार्फत नगरकार्यपालिकाको कार्यालयलाई यो बैठक निर्देशन गर्दछ ।

**प्रस्ताव नं. १७.५.९.२९**

**सवारी साधन सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.२९**

२०७९ को निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरुले प्रयोग गर्ने गरी अब बाँकी कार्य अवधिलाई कुनै पनि सवारी साधन खरिद गरिने छैन । कार्यालयलाई आवश्यकतानुसार प्राथमिकताको आधारमा जरुरी भएमा मात्र खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.३०**

**कार्यविधि संशोधन सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.३०**

आन्तरिक खर्चलाई नियन्त्रण गरी मितव्ययी र पारदर्शी बनाउनका लागि कार्यविधिमा समय सापेक्षित पुनरावलोकन एवं संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.३१**

**काममा बाधा पर्ने गरी कार्यालय नछोड्ने सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.३१**

जनप्रतिनिधिहरु सबैले कार्यालयको अत्यावश्यक कामको सर्न्दभमा बाहेक कार्यालयको काममा बाधा पर्ने गरी नगर नछोड्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७.५.९.३२

अनुमोदन सम्बन्धमा ।

निर्णय नं. १७.५.९.३२

नगरसभाको १७ औं अधिवेशनमा अनुमोदनका लागि पेश गर्ने गरी नगरकार्यपालिकाको बैठकहरुबाट देहायका विभिन्न मितिहरुमा भएका निर्णयहरु सभासमक्ष निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मति भएकाले पारित गर्ने निर्णय गरियो ।

| सि.नं. | बैठक मिति | बैठक संख्या | निर्णय नं. | निर्णय ब्यहोरा |
|---|---|---|---|---|
| १. | २०८१।११।०२ | ११ | ११.५.५ | सिद्धाश्रम साधक परिवार बुटवल-३ सहितका ७ वटा आयोजनाहरुको लागि पूँजिगत भैपरी शीर्षकबाट बजेट ब्यवस्था गरी कार्यान्वयन प्रकिया अगाडि बढाइएको हुँदा सो सम्बन्धी निर्णय । |
| २. | २०८१।११।२८ | १२ | १२.८ | लुम्बिनी अपाङ्ग दृष्टिविहीन अनाथ आश्रम तिलोत्तमा-७ केवलानी रुपन्देही हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गरिएको हुँदा सो सम्बन्धी निर्णय । |
| ३. | २०८१।११।२८ | १२ | १२.१२.४ | आ.व.२०८१/०८२ का लागि स्वीकृत बजेटको क्रम संख्या ४८ खर्च शीर्षक २२४११ मा हाटबजार (न.पा.को पुरानो प्रशासनिक भवन रहेको स्थान) मा बहुउद्देश्यीय भवन निर्माणको विस्तृत संभाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने कार्य र म्याचिङ्ग फण्ड समेत भनी उल्लेख हुनुपर्नेमा अन्यथा भएको हुँदा संशोधन गरिएकोले सो सम्बन्धी निर्णय । |
| ४. | २०८१।१२।२१ | १३ | १३.८.३ | बुटवल उपमहानगरपालिका अन्र्तगतको वडा कार्यालय वडा नं. ११ का लागि विनियोजन ऐन, २०८१ बाट स्वीकृत योजनाको वार्षिक बजेट नीति तथा कार्यक्रम पुस्तिकाको सि.नं.५८१ राजश्व बाँडफाँट प्रदेश सरकार नगद वडा कार्यालयको भवन निर्माण वडा नं. ११ का लागि रु. ५० लाख मात्र बजेट ब्यवस्था भएकोमा प्राविधिकबाट |

| सि.नं. | बैठक मिति | बैठक संख्या | निर्णय नं. | निर्णय ब्यहोरा |
|---|---|---|---|---|
| | | | | भई आएको लागत अनुमान रु.१ करोड ८० लाख ६६ हजार २ सय १८ रुपैया पैसा पैतीस मात्र स्वीकृत गर्ने र उक्त आयोजनालाई बहुवर्षिय आयोजनामा समावेश गर्ने गरी निर्णय भएको हुँदा सो सम्बन्धी निर्णय । |
| ५. | २०८२।०१/१५ | १५ | १५.४.२ | बुटवल उपमहानगरपालिकाको चालु आ.व. २०८१/०८२ का लागि स्वीकृत विनियोजन ऐन, २०८१ अर्न्तगत बजेट पुस्तिकाको सि.नं. १०५२ मा बुटवल उपमहानगरपालिका वडा नं. ११ स्थित देवीनगरमा वी.पी कोइराला, पुष्पलाल र सूर्य प्रसाद प्रधान स्मृति पार्क निर्माणका लागि राजश्व बाँडफाँट स्थानीय नगद शीर्षकमा रु. १ करोड ५० लाख मात्र बजेट ब्यवस्था भएको । प्राविधिकबाट पेश भएको भ्याट र कन्टेन्जेन्सी सहित रु. १७८०७१९१।३३ को लागत अनुमान भई आएको र नपुग रु. २८०७१९१।३३ बजेट ब्यवस्था गर्ने गरी भई आएको ल.ई. स्वीकृत गरी बहुवर्षिय आयोजनामा समावेश गरी योजना कार्यान्वयन प्रकिया अगाडि बढाउने गरी निर्णय भएको हुँदा सो सम्बन्धी निर्णय । |
| ६. | २०८२।०२।२५ | १७ | १७.३.६ | भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न अव्यवस्थित जग्गाको नापनक्शांकन सम्बन्धी कामका लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति रुपन्देहीबाट दैनिक ज्यालादारीमा जनशक्ति व्यवस्थापनका लागि सहयोग माग भई आएको र उक्त कार्य अत्यन्त महत्वपूर्ण र नगरको प्राथमिकता भित्रको काम भएको हुँदा दैनिक ज्यालादारीमा २०८२ असार मसान्त सम्मका लागि जनशक्ति व्यवस्थापन गर्ने गरी निर्णय भएको हुँदा सो सम्बन्धी निर्णय । |

**प्रस्ताव नं. १७.५.९.३३**

**म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.३३**

भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न अव्यवस्थित जग्गाको नापनक्शांकन सम्बन्धी कामका लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति रुपन्देहीबाट दैनिक ज्यालादारीमा जनशक्ति व्यवस्थापनका लागि सहयोग माग भई आएको सन्र्दभमा १ महिनाका लागि दैनिक ज्यालादारीमा जनशक्ति व्यवस्थापन भएको र उल्लेखित कार्य अत्यन्त महत्वपूर्ण, नगरको प्रतिस्ठा र प्राथमिकता भित्रको काम भएको हुँदा उल्लेखित कार्य समाप्त नहुँदा सम्म आवश्यकता र औचित्यताको आधारमा म्याद थप गरी कामलाई निरन्तरता दिन नगरकार्यपालिकालाई यो सभा निर्देशन गर्दछ ।

**प्रस्ताव नं. १७.५.९.३४**

**अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.३४**

लेखा र प्रशासनिक कार्यहरुका सम्बन्धमा हालसम्म कार्यालय प्रमुखबाट भए गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.३५**

**अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.३५**

नगरसभाको १६ औं अधिवेशन पश्चात हालसम्मका विभिन्न मितिहरुमा नगरप्रमुखस्तर र प्रमुख प्रशासकीय अधिकृतस्तरबाट भएका प्रशासनिक एवं आर्थिक रुपमा स्वीकृत गरिएका टिप्पणी निर्णयहरु एवं अन्य सम्बन्धित निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.३६**

**कामको प्राथमिकीकरण सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.३६**

भूमिको कामलाई प्राथमिकतामा राखी महत्व दिने र अबको कार्यकाललाई पूर्जा वितरणमुखी वनाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.३७**

**रोजगार सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.३७**

३७. पढाईलाई रोजगारसंग जोडी विशेष प्राथमिकतामा राखी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.३८**

**स्रेस्ता मिलान सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.३८**

यस न.पा. का कर्मचारीहरुलाई न.पा. कार्यालयबाट साइकल उपलब्ध गराउदा पुराना साइकलहरुका हकमा २ वर्ष र नयाँ साइकलका हकमा ३ वर्षपछि सम्बन्धित कर्मचारी कै हुने गरी मर्मत खर्च कर्मचारी स्वयंमले व्यहोर्ने गरी साइकल उपलब्ध गराउदा खर्चमा कमी आउने महशुस गरी योजना तथा निर्माण समितिको निर्णयलाई अनुमोदन गर्दै सोही अनुसार व्यवस्था मिलाउने निर्णय गरियो भनी मिति २०५५/०९/२८ मा बसेको तत्कालीन बुटवल नगरपालिकाको बोर्ड बैठकको निर्णय नं. विविध (ञ) बाट निर्णय भएको हुँदा सो अवधि देखि हाल सम्म जिम्मेवारी सर्दै आएका र स्रेस्तामा देखिने तर साइकल साधन नभएको हुँदा स्रेस्ता मिलान गर्न नगरकार्यपालिकाको कार्यालयलाई यो बैठक निर्देशन गर्दछ ।

**प्रस्ताव नं. १७.५.९.३९**

**राजश्व बाडफाँट सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.३९**

अव्यवस्थित वसोबासी क्षेत्रका भूमिको नापनक्शांकनमा स्थानीय तहको लगानी हुने हुँदा नापनक्शांकन र दर्ता कार्यमा उठेको राजश्वको ४०% स्थानीय तह, ३०% सङ्घीय सरकार र ३०% प्रदेश सरकारको नाममा राजश्व बाँडफाट गर्दा न्यायोचित, व्यावहारिक हुने ठानिएको हुँदा सो सम्वन्धी आवश्यक

प्रकिया अगाडि बढाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.४०**

**कार्यक्रम संचालन सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.४०**

बुटवल उपमहानगरपालिकाको विनियोजन ऐन, २०८२ बाट स्वीकृत आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनको सन्र्दभमा तालिम गोष्ठीहरु संचालन गर्नुपर्ने भएकोले मितव्ययिता र पारदर्शितालाई ध्यान दिदैं कार्यालयमा भएका सभाहलहरुको अत्यधिक प्रयोग गर्ने र कार्यालयको हलमा कार्यक्रम गर्न संभव नहुने भएमा मात्र आवश्यकता र औचित्यता पुष्टी हुने गरी नगरप्रमुखको अनुमतिमा मात्र बाहिर कार्यक्रम संचालनका लागि प्रकिया बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.४१**

**लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.४१**

आ.व.२०८०/०८१ को महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखा परीक्षण प्रतिवेदन आजको बैठकमा पेश भई छलफल गरियो । उक्त प्रतिवेदन मार्फत दिइएका प्राप्त सुझावहरु क्रमश: कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.४२**

**शीर्षक परिवर्तन गरी भएको भुक्तानी सर्मथन सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.४२**

चालु आ.व.मा स्रोतको अभाव भई बजेट शीर्षक परिवर्तन गरी स्रोतको व्यवस्था गरी भुक्तानी गरिएको हुँदा त्यसरी शीर्षक परिवर्तन गरी कार्यान्वयन भएका भुक्तानी सम्बन्धी कार्यहरुलाई समर्शन एवं अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.९.४३**

**शीर्षक परिवर्तन सम्बन्धमा ।**

**निर्णय नं. १७.५.९.४३**

बुटवल उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत बजेट तथा कार्यक्रमहरु कार्य सम्पन्न भई भुक्तानी गर्ने क्रममा सम्बन्धित बजेट शीर्षकमा बजेट स्रोतको अभाव